# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ३३ | काठमाडौं | सोमबार, १२ जेठ २०८२ | Prabhab National Daily | Monday, May 26, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५/-


मौद्रिक नीतिको समीक्षा

## सेयर धितो कर्जाको जोखिम भार घटाइयो



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल राष्ट्र बैंकले सेयर धितो कर्जाको जोखिम भार घटाएको छ। आइतबार चालु आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षामार्फत राष्ट्र बैंकले जोखिम भार घटाएको हो।

हाल सेयर धितो कर्जामा रहेको कर्जाको जोखिम भार १२५ प्रतिशत रहेको छ। यसलाई घटाएर १०० प्रतिशत कायम गरिने राष्ट्र बैंकले जनाएको छ। राष्ट्र बैंकको यो व्यवस्थाले सेयर लगानीकर्ताहरू लाभान्वित हुने देखिएका छन्। यसैगरी बैंक तथा वित्तीय संस्थाले दैनिक ९० प्रतिशत न्यूनतम मौज्दात राख्नुपर्ने व्यवस्था गरेको छ। राष्ट्र बैंकले नीतिगत दर, निक्षेप संकलन दर र बैंकदर भने यथावत् राखेको छ।

'आन्तरिक आर्थिक तथा वित्तीय स्थिति र परिदृश्यका आधारमा मौद्रिक नीतिको कार्यदिशालाई सजगतापूर्वक सन्तुलित राखिएको छ। नीतिगत दरलाई विद्यमान पाँच प्रतिशत, तल्लो सीमाको रूपमा रहेको निक्षेप संकलन दरलाई तीन प्रतिशत र ब्याजदर करिडोरअन्तर्गतको माथिल्लो

- सेयर धितो कर्जामा रहेको जोखिम भार १२५ प्रतिशतबाट घटाएर १०० प्रतिशत कायम
- बैंक वित्तीय संस्थाले दैनिक ९० प्रतिशत अनिवार्य नगद मौज्दात राख्नुपर्ने
- नीतिगत दर, निक्षेप संकलन दर र बैंकदर यथावत्
- बैंक तथा वित्तीय संस्थाको निस्क्रिय कर्जा अनुपात बढ्यो

सीमाको रूपमा रहेको बैंक दरलाई साढे छ प्रतिशतमा यथावत् राखिएको छ,' राष्ट्र बैंकको समीक्षामा उल्लेख छ, 'वित्तीय प्रणालीको विद्यमान तरलताको अवस्था र पछिल्लो समय खुला बजार कारोबार उपकरणमा गरेको सुधारलाई मध्यनजर गरी बैंक तथा वित्तीय संस्थाहरूले दैनिक ९० प्रतिशत न्यूनतम अनिवार्य नगद मौज्दात कायम राख्नुपर्ने व्यवस्था गरिने छ।'

कानुनी सुधारतर्फ पनि राष्ट्र बैंकले केही नयाँ व्यवस्था ल्याउन लागिएको छ। लगानी वातावरण सुधार गर्ने उद्देश्यले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ मा भएको पछिल्लो संशोधनका व्यवस्थालाई समावेश गरी 'नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८' जारी गरिने जनाइएको छ। त्यस्तै, बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को संशोधनबमोजिम चेक अनादरसम्बन्धी व्यहोरा प्रमाणित गर्ने कार्यविधि तर्जुमा गरी जारी गर्ने राष्ट्र बैंकले जनाएको छ।

### निस्क्रिय कर्जा अनुपात बढ्यो

बैंक तथा वित्तीय संस्थाको निस्क्रिय कर्जा अनुपात उल्लेख्य रूपमा बढेएको छ। राष्ट्र बैंकले आइतबार सार्वजनिक गरेको चालु आर्थिक वर्षको मौद्रिक नीतिको त्रेस्रो त्रैमासिक समीक्षा प्रतिवेदनअनुसार गत आवको तुलनामा चालु आवमा निस्क्रिय कर्जा अनुपातमा बढेको देखिएको हो।

क्रमशः पृष्ठ २ मा

## तीनकुने घटना प्रकरणमा ६५ जनाविरुद्ध चलाइयो मुद्दा

### आन्दोलनका कमाण्डर दुर्गा प्रसाईंलाई २० वर्ष कैद माग

- मेडिकल व्यवसायी दुर्गा प्रसाईं, राष्ट्रिय प्रजातन्त्र पार्टीका उपाध्यक्ष रवीन्द्र मिश्र, महामन्त्री धवलशमशेर जबरालगायतविरूद्ध मुद्दा दर्ता
- प्रसाईंलाई पाँचवटै अभियोग आकर्षित, कर्तव्य ज्यान मुद्दामा २० वर्षसम्म कैद सजाय माग
- मिश्र र राणाविरूद्ध राजद्रोहको कसुर, आपराधिक उपद्रव, संगठित अपराध र एकीकृत कसुरमा मुद्दा दर्ता
- तीनकुने घटनामा आफू अतिथिमात्र रहेको राप्रपा वरिष्ठ उपाध्यक्ष मिश्रको बयान







■ प्रभाव संवाददाता

**काठमाडौं–** गत चैत १५ मा काठमाडौंको तीनकुनेमा भएको राजावादी समूहको प्रदर्शनलाई हिंसात्मक बनाउन भूमिका खेलेको आरोपमा पक्राउ परेकाहरूमध्ये ६५ जनाविरुद्ध मुद्दा चलाउने भएको छ। आइतबार सरकारी वकिल कार्यालयले काठमाडौं जिल्ला अदालतमा ६१ जनाविरुद्ध मुद्दा दर्ता गरेको छ। चार जना भने बालबालिका रहेकाले बाल अदालत भक्तपुरमा मुद्दा दर्ताका लागि पठाइएको कार्यालयले जनाएको छ।

काठमाडौं प्रहरीले बिहीबार १०८ जनाविरुद्ध मुद्दा चलाउने सुझाव दिँदै सरकारी वकिल कार्यालयलाई प्रतिवेदन बुझाएको थियो। जसमध्ये ६५ जनाविरुद्ध मुद्दा चलाउने निर्णयसहित अदालतमा मुद्दा दर्ता गरिएको हो। कार्यालयले ३४ जनाविरुद्ध भने मुद्दा नचलाउने निर्णय गरेको छ।

मुद्दामा प्रतिवादी बनाइएकामध्ये ११ जनालाई फरार प्रतिवादी कायम गरिएको छ। मेडिकल व्यवसायी दुर्गा प्रसाईं, राष्ट्रिय प्रजातन्त्र पार्टीका उपाध्यक्ष रवीन्द्र मिश्र, महामन्त्री धवलशमशेर जबरालगायतलाई प्रतिवादी कायम गरिएको छ।

प्रहरीले सरकारी वकिलको कार्यालयलाई रायसहितको प्रतिवेदन बुझाएको थियो। राजसंस्था माग्दै भएको प्रदर्शनका क्रममा भएको क्षतिको पूर्ण विवरण आफूहरूले बुझाएको प्रहरीले जनाएको थियो। दुर्गा प्रसाईंलाई कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग, राजद्रोहको कसुर, आपराधिक उपद्रव, संगठित अपराध गरी पाँचवटा अभियोगमा मुदा दर्ता गरिएको छ। मिश्र र राणाविरुद्ध भने राजद्रोहको कसुर, आपराधिक उपद्रव, संगठित अपराध र एकीकृत कसुरमा मुद्दा दर्ता गरिएको छ।

जिल्ला सरकारी वकिल कार्यालयका सहन्यायाधिवक्ता रामहरी शर्मा काफ्लेका अनुसार प्रसाईंलाई पाँचवटै अभियोग आकर्षित गरिएको छ। प्रसाईंलाई कर्तव्य ज्यान मुद्दामा २० वर्षसम्म कैद सजाय माग गरिएको छ। घटनापछि भागेर भारतको असाम पुगेका प्रसाईंलाई प्रहरीले भारतीय सुरक्षाकर्मीसँगको समन्वयमा पक्राउ गरी नेपाल ल्याइएको थियो।

प्रसाईं नेतृत्वको समूहले गरेको आन्दोलनमा प्रहरीले ५८ राउण्ड गोली चलाएको र ती गोली लागेर २० जना घाइते भएका थिए। प्रदर्शनकारीको आक्रमणमा परी ५५ नेपाल प्रहरी २३ सशस्त्र प्रहरी घाइते र प्रहरीको बल प्रयोगबाट ५३ जना प्रदर्शनकारी घाइते भएका थिए।

राप्रपा महामन्त्री राणा, वरिष्ठ उपाध्यक्ष मिश्रलगायत कोटेश्वरस्थित भाटभटेनी सुपरमार्केको फलफूल टिप्ने केहीलाई भने हाजिरी जमानीमा हिरासत बाहिरै राखेर अनुसन्धान गरिएको छ। राप्रपा महामन्त्री राणा वैशाख ८ गते रिहा भएका थिए भने मिश्र जेठ ३ गते रिहा भए।

क्रमशः पृष्ठ २ मा

### पन्छिँदै आरोपी

तीनकुने घटनामा राजावादी समूहले एकबद्ध भएर आन्दोलन गरे पनि अहिले आरोपीहरू धमाधम पन्छिन थालेका छन्। राजसंस्था पुनर्स्थापनाको माग गर्दै आएको राष्ट्रिय प्रजातन्त्र पार्टी यसबाट पन्छिसकेको छ। यता राप्रपा वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्रले आफू उक्त दिनको कार्यक्रममा अतिथिमात्र रहेको बयान दिएका छन्।

'१५ गते भएको तीनकुनेको कार्यक्रमको आयोजक दुर्गाप्रसाद प्रसाईंजीकै समूह हो। नवराज सुवेदीजीलाई प्रमुख अतिथिको रूपमा आमन्त्रण गरिएको हो र म त्यसै अनुरूप कार्यक्रम मञ्चमा पुगेको थिएँ,' सरकारी वकिलको कार्यालयमा बयानका क्रममा मिश्रले भनेका छन्।

मिश्रले त्यसदिन संसद् भवन कब्जा गर्न जानू भनेर कसैलाई नउक्साएकोसमेत बताएका छन्। कार्यक्रमको आयोजक नै प्रसाई भएको तर्क गर्दै उनले सरकारी वकिलसँग भनेका छन्, 'मैले उक्त मिति र समयमा कोही कसैलाई विमानस्थलस्थित हवाई इन्धन डिपो, भन्सार कार्यालय तथा प्रहरी ब्यारेकसमेतमा तोडफोड गर्न लगाएको वा अह्राएको छैन। सो सम्बन्धमा म अनभिज्ञ छु। म संसद् भवनतर्फ गएको पनि छैन र मैले कोही कसैलाई संसद् भवन कब्जा गर्न जानू भनी प्रोत्साहन दिने अभिव्यक्ति दिएको पनि छैन। कार्यक्रमको आयोजक दुर्गा प्रसाई हो।'

कमाण्डर रहेका प्रसाईंले भने 'अब आगो लगाउनुपर्छ' भन्दै अभिव्यक्ति दिने राप्रपाको नेता भएका बयान दिएका छन्। उनले आफूले कार्य विभाजन गरी काममात्र बाँडफाँट गरेको बयानका क्रममा बताएको सरकारी वकिलको कार्यालयले जनाएको छ।

सन्दर्भः वैदेशिक रोजगार

## ब्रुनाइको लण्ड्री कम्पनीमा गएका नेपाली महिला नौ महिनादेखि तलबविहीन

■ करार अवधि सकिँदा पनि स्वदेश फर्काउन कम्पनीको आनाकानी

■ प्रभाव संवाददाता

**काठमाडौं–** रोजगारीका लागि ब्रुनाइ गएका महिला अलपत्र परेको पाइएको छ। सिन्धुपाल्चोक र पाँचथरका एक-एक जना महिलाले नौ महिनादेखि तलब नपाएको बताएका छन्। ब्रुनाइको 'योर लण्ड्री सर्भिसेज' नामको कम्पनीमा गएका उनीहरूले आफूहरूको करार अवधि सकिएको पाँच महिना पुग्न लाग्दा पनि न नेपाल आउन पाएको न तलब पाएको बताएका छन्।

'गएको डिसेम्बरमा सकिएको हो कन्ट्र्याक्ट (सम्झौता)। कम्पनीले हरेक चोटि एक हप्तापछि पठाउँछौं भनेर टार्दाटार्दा पाँच महिना बितिसक्यो,' पीडित महिलाले सुनाइन्, 'नौ महिनाको तलब लिन बाँकी छ। तलब माग्यो भने कम्पनीले पैसा छैन, एक हजार डलर छ त्यही लिएर जाऊ अहिले पैसा छैन भन्छ। काम गरेको पैसा माग्यो भने रिसाउने, मेन्टल टर्चर दिने गर्छ।'

चिनजानको व्यक्तिमार्फत काठमाडौंको सिनामंगलस्थित रेडियन्ट ओभरसिजबाट उनीहरू दुई वर्षअघि उक्त कम्पनीमा गएका हुन्। एजेण्टलाई एक जनाले दुई लाख ८० हजार र अर्की महिलाले तीन लाख रूपैयाँ तिरेको बताइएको छ। पीडित महिलाका अनुसार महिनामा ७० देखि ८० हजार रूपैयाँ तलब हुने र आठ घण्टा काम गर्नुपर्ने भनिएको थियो। तर त्यहाँ गएदेखि नै आफूहरूलाई ११ घण्टा काम लगाएको उनीहरूले बताए। 'कम्पनीको काम सकिएपछि बोसको घरमासमेत काम गर्नुपर्थ्यो। आठ घण्टा काम गर्ने भनेर पठाएको हो हामीलाई भन्दा ११ घण्टा नै गर्नुपर्छ भन्यो,' पीडितले भनिन्।

क्रमशः पृष्ठ २ मा

### पाँच महिनापछि फर्किइन् झुमा

एक वर्षअघि सोही कम्पनीमा गएकी इटहरिकी झुमा लिम्बूलाई त्यस कम्पनीबाट नेपाल फर्किन छ महिना संघर्ष गर्नुपर्‍यो। कामको सिलसिलामा भएको सानो गल्तीका कारण उनलाई मालिकले कामबाट निकालिदियो। तर पाँच महिना बितिसक्दा पनि स्वदेश फर्काउने कुनै पहल नभएपछि उनले वैदेशिक रोजगार उद्धार श्रमिक संघमा खबर गरिन्। संघको टोलीले करिव २० दिनअघि उनलाई नेपाल झिकाएको हो। झुमासँगै गएकी सुमिना श्रेष्ठलाई पनि संघले नेपाल झिकाएको थियो। दुई लाख ७० हजार बुझाएर गएकी झुमाले साढे पाँच महिना काम गर्दा दुई महिनाको मात्र तलब लिइन्। काम छोडेर बसेपछि लिन बाँकी तीन महिनाको तलब भने खान, बस्न र फर्किनका लागि टिकटमै सकिएको उनले बताइन्।

क्रमशः पृष्ठ २ मा

## विदेशबाट फर्किएकालाई रोजगारीमा जोड्न श्रममन्त्रीको जोड



**ललितपुर (प्रस)–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले आन्तरिक रोजगारीका सम्भावनालाई व्यवस्थापन गर्दै फाइदा उठाउने गरी काम गर्नुपर्नेमा जोड दिएका छन्। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको आयोजनामा आइतबार यहाँ भएको आन्तरिक रोजगार प्रवर्द्धन तथा वैदेशिक रोजगारबाटफर्केकाव्यक्तिहरूको पुन:एकीकरणसम्बन्धी छलफलमा उनले मुलुकमा रोजगारीको सम्भावना नै छैन भन्ने धारणाबाट बढेको नैराश्यता हटाउन जरूरी रहेको बताए।

'दोषारोपण गरेर हैन, यथार्थतालाई चिरफार गरेर अगाडि बढ्नुपर्छ, रोजगारदाताले उपयुक्त जनशक्ति पाइरहेको छैन, यहाँका काममा बाहिरबाट मानिस आउनुपर्ने अवस्था छ। भनसुनविनै योग्यता, क्षमताअनुसारको काम पाउने अवस्था सिर्जना गर्न श्रम संसारको सुरुआत गरेका छौं, त्यसलाई नागरिक एपमा जोड्छौं,' मन्त्री भण्डारीले भने, 'सरोकार भएकाहरूलाई एकीकृत गरेर सुधारका काम गर्छौं, विदेशबाट फर्किएर आएका र रोजगारीको खोजीमा रहेकालाई रोजगारमा जोड्ने गरी काम गर्नुपर्छ भनेर लागिरहेका छौं।'

क्रमशः पृष्ठ २ मा



## पृष्ठ १ बाट क्रमशः

पृष्ठ १ बाट क्रमशः

### तीनकुने घटना...

प्रदर्शन हिंसात्मक बन्दा एभिन्युज टेलिभिजनका क्यामेरापर्सन सुरेश रजकसहित दुई जनाको ज्यान गएको थियो । साथै तीनकुने क्षेत्रका भवन तथा जडीबुटी उद्योगमा पनि आगजनी भएको थियो । त्यस्तै थुप्रै निजी सवारी तथा सम्पत्तिमा पनि तोडफोड र आगजनी गरिएको थियो ।

प्रदर्शनकारीहरूले एकीकृत समाजवादीको कार्यालय, सञ्चार संस्था, भाटभटेनी सुपरस्टोर र जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनीको कार्यालयसहित २२ वटा घर तथा कार्यालयमा तोडफोड भएको जिल्ला प्रहरी परिसर काठमाडौंले जनाएको छ । ३९ वटा सवारीसाधन प्रदर्शनकारीले तोडफोड गरेका थिए । निजी र सार्वजनिक सम्पत्तिसमेत गरेर ४६ करोड ९५ लाख रूपैयाँको क्षति भएको देखिएको गृह मन्त्रालयले त्यतिबेला आकलन गरेको थियो ।

#### बुधबार अर्को आन्दोलनको तयारी

राप्रपाले बुधबार गणतन्त्र दिवसको अवसर पारी फेरि आन्दोलन गर्दै छ । राजसंस्था पुनर्स्थापना संयुक्त जनआन्दोलन समितिको नाममा जेठ १५ गतेबाट राप्रपाले अनिश्चितकालीन आन्दोलन सुरु गर्न लागेको हो ।

आन्दोलनको अग्रमोर्चामा आफू रहने राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले बताएका छन् । यो आन्दोलन शान्तिपूर्ण हुने लिङ्देनले बताए । 'जेठ १५ गतेको आन्दोलन अहिंसात्मक र शान्तिपूर्ण हुने छ,' उनले भने ।

प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी शर्मा ओलीले भने राजावादीको आन्दोलन विफल पार्न काठमाडौंका सडक कब्जामा लिन आफ्ना नेता कार्याकर्तालाई निर्देशन दिएका छन् । '१५ गते ११ बजेदेखि २ बजेसम्म काठमाडौंमा नेकपा एमालेको नियन्त्रण हुनुपर्छ । कसरी कुन संस्था अगाडि लाग्छ, कुन संस्थाको आयोजना हुन्छ त्यसलाई छाडिदिनुस्,' ओलीले आइतबार बसेको एमाले सचिवालय बैठकमा भने ।

■■■

### सेयर धितो...

'बैंक तथा वित्तीय संस्थाहरूको निस्क्रिय कर्जा अनुपात २०८० चैतमा ३.९८ प्रतिशत रहेकोमा २०८१ चैतमा ५.२४ प्रतिशत पुगेको छ,' राष्ट्र बैंकले भनेको छ । निस्क्रिय कर्जा अनुपात गत चैतमा वाणिज्य बैंकहरूको ५.०५, विकास बैंकको ५.५६ र वित्त कम्पनीको १३.०४ प्रतिशत छ । गत आर्थिक वर्षको सोही अवधिमा यो अनुपात वाणिज्य बैंकको ३.८९, विकास बैंकको ३.६३ र वित्त कम्पनीको १०.४० प्रतिशत थियो ।

गत आवको तुलनामा चालु अवामा कर्जा प्रवाह बढेको छ । निक्षेप संकलन भने घटेको राष्ट्र बैंकले जनाएको छ । चालु आवको गत चैत मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रतर्फ तीन खर्ब ६१ अर्ब तीन करोड रूपैयाँबराबर कर्जा प्रवाह भएको छ । अघिल्लो वर्षको सोही अवधिमा निजी क्षेत्रतर्फ दुई खर्ब २२ अर्ब २१ करोड रूपैयाँ कर्जा प्रवाह भएको थियो । त्यसैगरी, समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप तीन खर्ब ६८ अर्ब ४७ करोड रूपैयाँले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा निक्षेप चार खर्ब नौ अर्ब चार करोड रूपैयाँले वृद्धि भएको थियो ।

बैंक तथा वित्तीय संस्थाको औसत आधार दर र निक्षेप तथा कर्जाको भारित औसत ब्याजदर घटेको छ । राष्ट्र बैंकका अनुसार २०८० चैतमा ८.५१ प्रतिशत रहेको वाणिज्य बैंकहरूको औसत आधार दर २०८१ चैतमा ६.२९ प्रतिशतमा झरेको छ । त्यसैगरी, २०८० चैतमा ६.५३ प्रतिशत रहेको वाणिज्य बैंकहरूको निक्षेपको भारित औसत ब्याजदर २०८१ चैतमा ४.४५ प्रतिशतमा झरेको छ । त्यसैगरी २०८० चैतमा १०.५५ प्रतिशत रहेको वाणिज्य बैंकहरूको कर्जाको भारित औसत ब्याजदर २०८१ चैतमा घटेर ८.२२ प्रतिशत कायम भएको छ ।

बैंक तथा वित्तीय संस्थाहरूबीचको भारित औसत अन्तरबैंक दर पनि घटेको छ । राष्ट्र बैंकका अनुसार २०८१ चैतमा तीन प्रतिशत रहेको छ । अघिल्लो वर्षको चैतमा भारित औसत अन्तरबैंक दर ३.१० प्रतिशत थियो ।

डिजिटल माध्यमबाट हुने कारोबार विस्तारको क्रममा रहेको पनि राष्ट्र बैंकले जनाएको छ । 'मोबाइल बैंकिङ, क्युआर, डिजिटल वालेटलगायतका शीघ्र भुक्तानीका उपकरणहरूको दायरा फराकिलो हुँदै गएको छ,' राष्ट्र बैंकले भनेको छ, 'समीक्षा अवधिमा 'रियल टाइम ग्रस सेटलमेन्ट सिस्टम' (आरटिजिएस) मार्फत भएको कारोबार रकम बढेको छ ।'

अघिल्लो वर्षको चैत मसान्तसम्ममा आरटिजिएसमार्फत दुई खर्ब ५० खर्ब २७ अर्ब ७५ करोड रपैयाँबराबरको पाँच लाख ८२ हजार वटा कारोबार भएको थियो । त्यसको तुलनामा चालु आर्थिक वर्षको चैत मसान्तसम्ममा यस्तो कारोबार ११३.०९ प्रतिशतले वृद्धि भई पाँच खर्ब ३३ खर्ब ३२ अर्ब २८ करोड रूपैयाँबराबरका छ लाख आठ हजार वटा कारोबार भएका छन् ।

■■■

### ब्रुनाइको लण्ड्री...

आफूलाई पठाइदिने व्यक्तिलाई पटक-पटक खबर गर्दा पनि वास्ता नगरेको पीडित महिलाले बताइन् । कि नेपाल फिकाइदिनु कि पैसा दिलाइदिनु भन्दा उल्टै गाली गरेको उनको भनाइ छ ।

रेडियन्ट ओभरसिजबाटै उक्त कम्पनीमा हालसालै गएकी विमला मोक्तानले पनि तीन महिनादेखि तलब नपाएको बुझिएको छ । उक्त कम्पनीमा अन्य मुलुकबाटसमेत गरी १५ जना जति कामदार रहेको पीडित महिला बताउँछिन् । उनीहरूलेसमेत १५ महिनाभन्दा बढीको तलब पाउन बाँकी रहेको उनले बताइन् । कम्पनीले तलब दिन नसकिरहेको अवस्थामा पनि श्रमिकहरू आउने क्रम नरोकिएकाले उक्त कम्पनीमा नआउन उनीहरूको सुझाव छ ।

रेडियन्ट ओभरसिजले भने यस विषयमा जानकारी नभएको बताएको छ । 'पीडितहरूले त हामीलाई भन्नुपर्‍यो नि ! यस विषयमा मलाई त थाहा छैन, भर्खर सुन्दै छु,' उक्त म्यानपावरका एक कर्मचारीले भने ।

■■■

### पाँच महिनापछि...

ब्रुनाइ जान इटहरीकै राज ओभरसिजमा पासपोर्ट बुझाएको झुमाको भनाइ छ । 'सबै काम इटहरीबाटै भएको हो । काठमाडौंमा मुख्य कार्यालय छ त्यहाँ जान पर्दैन भनेको थियो,' उनले भनिन्, 'काठमाडौंको केही थाहा भएन । एकैचोटि एयरपोर्ट गएको हो । पछि बुझ्दा व्यक्तिमार्फत पठाएको रहेछ रे ।'

अब भने विदेश नगई सिलाइ सिकेर यहीं काम गर्ने उनको योजना छ । 'धेरै पैसा कमाइएला भनेर विदेश गएको त्यस्तै भइहाल्यो । अब आफ्नै पसल खोलेर काम गर्ने सोच छ । कटिङ सिक्न थालेकी छु,' झुमाले प्रभावसँग भनिन् ।

■■■

### विदेशबाट...

उनले मन्त्रालयको काम वैदेशिक रोजगारको मात्रै काम हो भन्ने सोचबाट मुक्त भएर मुलुकमा भएको रोजगारीको सम्भावना र अवसरलाई पनि ध्यान दिएर काम गर्न लागिपरेको बताए ।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारीले देशभित्रै उत्पादनका क्षेत्रमा रोजगारीको सिर्जना गर्न ध्यान दिनुपर्नेमा जोड दिए । उनले कृषि, निर्माण, पर्यटन, होटललगायतका क्षेत्रमा सम्भावना रहेकाले यसमा लगानी गर्नुपर्ने बताए ।

प्रा.डा. अधिकारीले दिगो विकास योजनाअनुसारको लक्ष्य प्राप्त गर्न ३० खर्ब २३ अर्ब रूपैयाँ लगानी गर्नुपर्ने भन्दै उद्योग विभागले सम्पादन गर्ने हरेक कार्यसँग रोजगारीलाई जोड्नुपर्नेमा जोड दिए ।

मन्त्रालयका सचिव कृष्णहरि पुष्करले ज्ञानसहितको दक्ष जनशक्ति नहुँदा रोजगारीका क्षेत्रमा ठूलो समस्या देखापरेको बताए । उनले देशभित्रै काम गर्न गाह्रो मान्ने तर त्यही काम विदेशमा गएर गर्न तत्पर रहने पद्धतिले रोजगारीको वातावरण नबनिरहेको धारणा राखे ।

रिटर्नी नेटवर्क नेपालका अध्यक्ष उत्तम अधिकारीले विदेशमा श्रम गरेर फर्किएर आएकाहरूलाई उनीहरूको सीपलाई सदुपयोग हुनेगरी ध्यान दिएर 'स्टार्टअप' परियोजनालाई प्रभावकारी रूपमा लागू गरिनुपर्ने बताए ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०८१/११/२५ मा दर्ता भएको **प्रा.लि.नं. २२५०९** को **हाम्रो पहुँच हायर सेकेण्डरी सुकुल प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०२/०८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


**युएईमा रोजगार** कम्पनी : Aroma International Building Contracting L.L.C
पूर्व स्वीकृति मिति : २०८२/०२/११ LT. No. 324336 चलानी नं. ६०२२३८४९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer / Helpers | 100 | 0 | 800 | २९,६५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १९ गते (2nd Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JOB CONNECT PVT. LTD. Govt Lic. No. 1672/080/081
Ktm Metropolitan City 4 Maharajgunj Kathmandu Tel.: 01-4547330
9802368420, 9802368421 9802368422, 9802368423, 9802368424

**युएइमा रोजगार** कम्पनी : MANPOWER NEXUS SERVICES L.L.C
पूर्व स्वीकृति मिति : २०८२/०२/०१० LT. No. 324463 चलानी नं. ६०२३८४२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 5 | 0 | 1000 | ३७,०६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १९ गते (2nd June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

SUN RAY GLOBAL OVERSEAS PVT. LTD. LIC No. 918/067/68
Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202,
Email: sunray918@gmail.com, srgoverseas@gmail.com

**युएइमा रोजगार** कम्पनी : ACTIVE PLUS FACILITIES MANAGEMENT LLC
पूर्व स्वीकृति मिति : २०८२/०२/११ LT. No. 324439 चलानी नं. ६०२३८४८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 35 | 0 | 1200 | ४४,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १९ गते (2nd Jun. 2025) मा हुनेछ ।

E.U.Bright Future Pvt. Ltd. (PRESTIGE H.R. SOLUTION PVT.LTD.) श्रम इजाजत नं. ११७३/०७३/०७४
Tokha Municipality-10, Kathmandu, Nepal, Tel: 01-4975111, Email: eubrightfuture626@gmail.com

**साइप्रसमा रोजगार** कम्पनी : E.G. Estia Cyprus Private Employment Agency
पूर्व स्वीकृति मिति : २०८२/०२/११ LT. No. 324415 चलानी नं. ६०२३८४४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bartender | 3 | 0 | 800 | १२३,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 3 | 2 | 700 | १०८,३५५ | | | | | | | |
| 3 | Continetal Cook | 4 | 0 | 1000 | १५४,८९५ | | | | | | | |
| 4 | Kitchen Asst. | 4 | 0 | 800 | १२३,८३५ | | | | | | | |
| 5 | Waiter/waitress | 2 | 2 | 700 | १०८,३५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १९ गते (2nd Jun. 2025) मा हुनेछ ।

Fine Job Recruitment Pvt. Ltd. Government License No. 1180/073/74
Gyanjyoti Marga-4, Maharajgung, Kathmandu, Phone No. 01-4110722 / 4110721, 9801061512, 9801603435
E-mail : finejobrecruitment@gmail.com, GPO Box No.:- 6163 , web:- www.finejob.com.np

**युएइ/साउदीमा रोजगार** कम्पनी : RSR FOR CARPENTRY & FLOORING CONTRACTING CO. LLC
पूर्व स्वीकृति मिति : २०८२/०२/१० LT. No. 324340 चलानी नं. ६०२३८४०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BRICK MASONS | 1 | 0 | 1200 | ४४,४८१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Concrete Masons | 4 | 0 | 1200 | ४४,४८१ | | | | | | | |
| 3 | CONSTRUCTION CARPENTER | 4 | 0 | 1200 | ४४,४८१ | | | | | | | |
| 4 | Steel Fixer | 5 | 0 | 1200 | ४४,४८१ | | | | | | | |

कम्पनी : SIDR RABIGH WASTE TRANSPORT COMPANY IS A ONE-PERSON COMPANY.
पूर्व स्वीकृति मिति : २०८२/०२/११ LT. No. 324446 चलानी नं. ६०२३८४४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 1 | 0 | 1800 | ६५,३३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १९ गते (2nd June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

CENTRAL CAPITAL SERVICES PVT.LTD. श्रम इजाजत नं. ५७४/०६२/०६३
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

**कुवेतमा रोजगार** कम्पनी : COZMO ENTERTAINMENT GENERAL TRADING & CONTRACTING COMPANY
पूर्व स्वीकृति मिति : २०८२/०२/१० LT. No. 324281 चलानी नं. ६०२३८४६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 5 | 0 | 150 | ६६,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Staff Cafe Attendant | 5 | 0 | 150 | ६६,६२५ | | | | | | | |
| 3 | Waiters | 4 | 0 | 150 | ६६,६२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १९ गते (2nd Jun. 2025) मा हुनेछ ।

EXPRESS RECRUITER NEPAL PVT. LTD Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

**बहराइनमा रोजगार** कम्पनी : PRO KLEEN SERVICES W.L.L
पूर्व स्वीकृति मिति : २०८२/०२/११ LT. No. 324443 चलानी नं.६०२३८४३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 25 | 0 | 100 | ३६,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ALADLIYA CONTRACTING ESTABLISHMENT
पूर्व स्वीकृति मिति : २०८२/०२/08 LT. No. 323909 चलानी नं.६०२३८४३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Vehicle Driver | 10 | 0 | 160 | ५७,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Masion | 20 | 0 | 120 | ४३,४३५ | | | | | | | |
| 3 | Trainee/intern Worker(Construction) | 100 | 0 | 100 | ३६,१२० | | | | | | | |
| 4 | Trench Digger Oprator | 10 | 0 | 150 | ५४,१८० | | | | | | | |

कम्पनी : MARAQ FOR TRADITIONAL FOOD
पूर्व स्वीकृति मिति : २०८१/०५/२० पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/११ LT. No. 310263 चलानी नं.६०२२४८३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | chef cook | 5 | 0 | 200 | ७२,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | cleaner | 5 | 0 | 120 | ४३,४३५ | | | | | | | |
| 3 | waiter | 5 | 0 | 150 | ५४,१८० | | | | | | | |
| 4 | Waitress | 0 | 5 | 150 | ५४,१८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २० गते (2nd April 2025) मा हुनेछ ।

Chinari Overseas Pvt. Ltd. Govt. License 1165/073/074
Dhumbarahi, Kathmandu, Nepal, Tel : +977-1-4372922/ 4376922, E-mail : chinarioverseas@gmail.com Website :chinarioverseas.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्ट्रोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

**सोमबार, १२ जेठ, २०८२**

| | |
|---|---|
| **मेष** | श्रम गर्नुपरे पनि उत्साहवर्धक रहनेछ । |
| **वृष** | व्यवसायमा नयाँ आयाम मिल्नेछ । |
| **मिथुन** | व्यावसायिक काममा राम्रै फड्को मिल्नेछ । |
| **कर्कट** | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । |
| **सिंह** | स्वास्थ कमजोर रहनाले काममा बाधा पर्नेछ । |
| **कन्या** | तत्काल लाभ नभएपनि भविष्यमा फाइदा हुनेछ । |
| **तुला** | दिन लाभदायक र मनोरञ्जनपूर्ण रहनेछ । |
| **वृश्चिक** | प्रयत्न गर्दा मौकाको फाइदा लिन सकिनेछ । |
| **धनु** | समयको गतिलाई पछ्याउन नसक्दा दुःख । |
| **मकर** | विगतका निर्णयले काम बिग्रन सक्छ । |
| **कुम्भ** | सहयोगिहरूले राम्रो साथ दिने छन् । |
| **मीन** | बोलिको गलत अर्थले सम्मानमा आधात पुग्ने । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डाँछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१२ जेठ, २०८२ (२६ मे २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३६.०५ | १३६.६५ |
| युरो | १ को | १५४.५१ | १५५.१९ |
| पाउन्ड स्टिर्लङ | १ को | १८३.६७ | १८४.४८ |
| स्विस फ्रैन्क | १ को | १६४.८५ | १६५.५८ |
| अस्ट्रेलियन डलर | १ को | ८७.९४ | ८८.३३ |
| क्यानाडियन डलर | १ को | ९८.५० | ९८.९३ |
| सिङ्गापुर डलर | १ को | १०५.८१ | १०६.२८ |
| जापानी येन | १० को | ९.५० | ९.५४ |
| चिनियाँ युआन | १ को | १८.९४ | १९.०२ |
| साउदी अरब रियाल | १ को | ३६.२७ | ३६.४३ |
| कतारी रियाल | १ को | ३७.३३ | ३७.४९ |
| थाई भाट | १ को | ४.१७ | ४.१९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.०४ | ३७.२० |
| मलेसियन रिङ्गेट | १ को | ३२.१६ | ३२.३० |
| दक्षिण कोरियन वन | १०० को | ९.९४ | ९.९८ |
| स्विडिस क्रोनर | १ को | १४.२८ | १४.३४ |
| डेनिस क्रोनर | १ को | २०.७१ | २०.८० |
| हङकङ डलर | १ को | १७.३७ | १७.४५ |
| कुवेती दिनार | १ को | ४४३.६१ | ४४५.५६ |
| बहराइन दिनार | १ को | ३६०.८५ | ३६२.४४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

विपद्को आकलन

# यस वर्ष २० लाख नागरिक प्रभावित हुने अनुमान

■ प्रभाव संवाददाता

**काठमाडौं–** यस वर्षको प्रि–मनसुन सुरु भएसँगै मनसुन भित्रिने अवस्थामा पुगेको छ । यस वर्षको मनसुनबाट मुलुकमा चार लाख ५० हजार घरका २० लाख नागरिक प्रभावित हुने अनुमान गरिएको छ ।

मौसम विज्ञान विभागको पूर्वानुमानका आधारमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सबै विषयवस्तुको विश्लेषण गरी तयार पारेको प्रस्तावित मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२ मा उक्त अनुमान गरिएको हो ।




प्रभावितमध्ये १० प्रतिशत मानिसलाई उद्धार र राहत गर्नुपर्ने अवस्था आउनसक्ने आकलनसहितको कार्ययोजना निर्माण गरिएको प्राधिकरणका प्रवक्ता रामबहादुर केसीले जानकारी दिए ।

'हामीले अबको मनसुनमा २० लाख मानिस प्रभावित हुने आकलन गरेका छौं, देशका सबै प्रदेश प्रभावित हुने छन्, त्यहीअनुसारका तयारी गर्न क्षेत्रगतरूपमा जिम्मेवारीसमेत तोकिएको छ,' उनले भने, 'मौज्दात सामग्री के छ ? कति थप आवश्यक पर्दछ ? भन्ने सबै विषय आकलन गरेर कार्ययोजना तयार पारेका हौं ।'

यही जेठ १४ गते बस्ने गृहमन्त्री अध्यक्ष रहेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकमा उक्त राष्ट्रिय कार्ययोजना पेस हुने जनाउँदै प्रवक्ता केसीले सोही बैठकबाट पारित भएपछि कार्यान्वयनमा जाने उल्लेख गरे । उनका अनुसार केन्द्र, प्रदेश, जिल्ला र स्थानीय तहसम्म कार्य जिम्मेवारी तोकिएको छ ।

यसपालि प्रस्तावित कार्ययोजनामा हरेक एक/एक महिनामा विपद्को अवस्थाका विषयमा अनुगमन, मूल्यांकन तथा समीक्षासमेत गर्ने योजना अघि सारिएको केसीले बताए । यसअघि नेपालमा मनसुनी आकलन सार्वजनिक भइसकेको छ । मौसम विज्ञान विभागले सार्वजनकि गरेको आकलनमा वर्षा र अधिकतम तथा न्यूनतम तापक्रम पनि बढी हुने जनाएको छ । सोही पूर्वानुमानका आधारमा प्राधिकरणले सबै सरोकार भएका निकायका प्रतिनिधि तथा संघसंस्थासँग सुझाव लिएर विपद् प्रतिकार्य राष्ट्रिय कार्ययोजना तयार पारेको हो ।

जल तथा मौसम विज्ञान विभागले विभागले कर्णाली प्रदेशको पूर्वीभूभाग, लुम्बिनी प्रदेशको उत्तरी भूभाग र गण्डकी प्रदेशको अधिकांश भूभाग वर्षाबाट बढी प्रभावित हुनसक्ने उल्लेख गरेको छ । यही जेठ १८ देखि असोज १४ गतेसम्मको चार महिनाको अवधिमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना रहनुका साथै अधिकतम तापक्रम र न्यूनतम तापक्रमसमेत देशभर सरदरभन्दा बढी रहने सम्भावना रहेको विभागकी प्रवक्ता विभूति पोखरेलले जानकारी दिइन् ।

उनका अनुसार यस मनसुन ऋतुमा कर्णाली प्रदेशको पूर्वी भूभाग, लुम्बिनी प्रदेशको उत्तरी भूभाग र गण्डकी प्रदेशको अधिकांश भूभागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ५५ देखि ६५ प्रतिशत रहेको छ । सुदूरपश्चिम प्रदेशको दक्षिणी भूभाग, लुम्बिनीको पश्चिमी भूभाग, गण्डकीको उत्तरपूर्वी भूभाग, बागमती र कोशी प्रदेशको उत्तरी भूभागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ४५ देखि ५५ प्रतिशत रहेको छ ।

साथै मधेसका पूर्वी तथा दक्षिणी भूभागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत र देशका बाँकी भूभागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको विभागले जनाएको छ ।

# सगरमाथा आरोहण गरेकी प्रहरी नायब निरीक्षक शेर्पालाई दर्ज्यानी चिह्न

**काठमाडौं (प्रस)–** प्रहरी महानिरीक्षक दीपक थापाले सगरमाथाको सफल आरोहण गरेकी प्रहरी नायब निरीक्षक कुन्जाङछोपेल शेर्पालाई दर्ज्यानी चिह्न प्रदान गरेका छन् ।



प्रहरी प्रधान कार्यालयमा आइतबार आयोजित कार्यक्रममा उनले प्रहरी सहायक निरीक्षकबाट प्रहरी नायब निरीक्षक पदमा विशेष बढुवा भएकी शेर्पालाई दर्ज्यानी चिह्न प्रदान गरेका हुन् ।

यही जेठ ६ गतेको नीति निर्माण समिति (पिसिसी) बैठकले विश्वको सर्वोच्च शिखर सगरमाथाको सफलतापूर्वक आरोहण गरी संगठनको गौरव बढाउन सफल भएको भन्दै शेर्पालाई विशेष बढुवा प्रदान गर्ने निर्णय गरेको थियो । सो अवसरमा प्रहरी महानिरीक्षक थापाले अदम्य साहसका साथ विश्वको सर्वोच्च शिखर सगरमाथाको सफलतापूर्वक आरोहण गरी उनले प्रहरी संगठनको श्रीवृद्धिका लागि गरेको कार्यको प्रशंसा गरे ।

प्रहरी संगठनको प्रतिनिधित्व गर्दै प्रनानी शेर्पाले यही जेठ ५ गते सोमबार बिहान ८:५६ बजे सगरमाथाको सफलतापूर्वक आरोहण गरेकी थिइन् । उनले सगरमाथा शिखरबाट नेपालको राष्ट्रिय झण्डा, नेपाल प्रहरीको झण्डा तथा 'महिला र बालिकाविरूद्ध हुने हिंसा अन्त्य गर्न एकजुट होऔं' भन्ने नार ासहितको ब्यानर फहराएकी थिइन् ।

# मस्तिष्क मृत्यु भएकाबाट प्राप्त कलेजो र मिर्गौला प्रत्यारोपण

**भक्तपुर–** सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रले नेपालमा पहिलोपटक मस्तिष्क मृत्यु भएका व्यक्तिबाट लिएको मिर्गौला र कलेजो सफलतापूर्वक प्रत्यारोपण गरेको छ । केन्द्रले आइतबार यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा केन्द्रका कार्यकारी निर्देशक डा. पुकारचन्द्र श्रेष्ठले मस्तिष्क मृत्यु भएका व्यक्तिबाट प्राप्त मिर्गौला र कलेजो सफलतापूर्वक प्रत्यारोपण गरिएको जानकारी दिए ।

यही जेठ १ गते मस्तिष्क मृत्यु भएका १८ वर्षीय पुरुषबाट प्राप्त दुई मिर्गौला र एउटा कलेजो प्राप्त भएपछि काठमाडौं मेडिकल कलेजले झिकेको अंगमध्ये एउटा मिर्गौला र कलेजो एकजनालाई र आर्को मिर्गौला एकजनामा सफलतापूर्वक प्रत्यारोपण गरिएको उनले जानकारी दिए ।

केन्द्रका कार्यकारी निर्देशक डा. श्रेष्ठले विश्वमा दुर्लभ मानिएको यस्तो प्रत्यारोपण नेपालका लागि पहिलो सफलता भएको बताउँदै भने, 'मस्तिष्क मृत्यु भएका व्यक्तिबाट लिएको तीन अंगमध्ये एकजना बिरामीमा मिर्गौला र कलेजो प्रत्यारोपण गरिएको छ । अर्का ४२ वर्षीया एक महिलामा मिर्गौला प्रत्यारोपण सफलतापूर्वक सम्पन्न गरेका छौं । उहाँको स्वास्थ्य अवस्था सुधार छ, अबको केही दिनमा उपचार सकेर घर फर्किनुहुन्छ ।'

केन्द्रका कार्यकारी निर्देशक एवं प्रत्यारोपण शल्यचिकित्सक डा. श्रेष्ठको नेतृत्वमा भएको कलेजो प्रत्यारोपणमा डा. रोशन घिमिरे र डा प्रवीण महर्जनको सहयोग तथा मिर्गौला प्रत्यारोपणमा डा. दीपेश श्रेष्ठ, डा. रूपेशकुमार झा, डा. हरिप्रसाद बराल, डा. रोजन अधिकारी, डा. विकास खड्का, एनेस्थेसिया तथा क्रिटिकल केयर विभागबाट डा. आरती राई, डा. निभा श्रेष्ठ, डा. शोभित थापा, डा. रेखा श्रेष्ठ, नेफ्रोलोजी विभागबाट डा. कल्पनाकुमारी श्रेष्ठ, डा. लुसन सिंह, डा. सुमित आचार्य, डा. सन्तोष सुवेदी र डा. विक्रमवीर बज्राचार्यलगायत स्वास्थ्यकर्मीले सहफलतापूर्वक प्रत्यारोपण गरेका थिए ।

मस्तिष्क मृत भएका व्यक्तिबाट प्राप्त कलेजो र मिर्गौला प्रत्यारोपण नेपाली टोलीबाटै सफल हुनाले चिकित्सा क्षेत्रमा उल्लेख्य उपलब्धि हासिल भएको भएको कार्यकारी निर्देशक डा. श्रेष्ठले बताए । नेपालमा सडक दुर्घटनाबाट प्रत्येक दिन चारदेखि छ जनाको मृत्यु हुने गरेको भन्दै काठमाडौं उपत्यकामामात्रै वार्षिक करिब एक हजार जनाको मस्तिष्क मृत्यु हुने गरिएकामा उनीहरूको अंग झिकेर प्रत्यारोपण गर्न सके नेपाल अंग प्रत्यारोपणमा आत्मनिर्भर हुनसक्ने अस्पतालले जनाएको छ ।

एकजना मस्तिष्क मृत्यु भएका व्यक्तिबाट दुई मिर्गौला, दुई फोक्सो, एक कलेजो, एक मुटु, एक प्यांक्रियाज, एक सानो आन्द्रा गरी आठ जनामा अंग प्रत्यारोपण गरेर जीवन दिन सकिन्छ । मस्तिष्क मृत्युपश्चात्को अंगदान र प्रत्यारोपण संसारमा कठिनताका साथ स्थापित हुँदै गएको हुँदा यससम्बन्धी जनचेतना अभिवृद्धि गर्न सकिएमा पश्चिमा मुलुकमाजस्तै नेपालमा पनि ८० प्रतिशतभन्दा बढी प्रत्यारोपण मस्तिष्क मृत्युपश्चात् हुने अंगदानबाट हुनसक्ने र देश अंग प्रत्यारोपणमा आत्मनिर्भर बन्ने केन्द्रका कार्यकारी निर्देशक डा. श्रेष्ठले बताए ।

केन्द्रले २०७३ मंसिर २२ मा पहिलोपटक दक्षिण कोरियाली विज्ञको सहयोगमा कलेजो प्रत्यारोपण सफलतापूर्वक सम्पन्न गरेको थियो । नेपाली टोलीबाट २०७५ कात्तिक १२ गते पहिलोपटक कलेजो प्रत्यारोपण गर्न सफल भएको थियो । केन्द्रले हालसम्म तीन वर्षको बालकदेखि ६८ वर्षसम्मका व्यक्तिसम्म गरी ३४ जनाको कलेजो प्रत्यारोपण गरिसकेको छ । केन्द्रमा १५ देखि २० लाख रूपैयाँमा कलेजो प्रत्यारोपण हुँदै आएको जनाइएको छ ।

केन्द्रले देशमा पहिलोपटक २०७४ वैशाख २८ गते मस्तिष्क मृत्यु भएका व्यक्तिबाट दुई मिर्गौला प्रत्यारोपण गरेको थियो । त्यसपछि हालसम्म छ जना व्यक्तिबाट प्राप्त गरी १२ जनाको मिर्गौला र चार जनाको कलेजो प्रत्यारोपण गरेको केन्द्रका कार्यकारी निर्देशक डा. श्रेष्ठले जानकारी दिए ।

पत्रकार सम्मेलनमा उनले देशको सातवटै प्रदेशमा प्रत्यारोण सेवा विस्तार गर्ने योजना बनाइएको बताउँदै बागमती, गण्डकी, कर्णाली र लुम्बिनी प्रदेशमा सेवा सुरु गरिसकेको जानकारी दिए । प्रत्याारोण सेवा विस्तारका लागि आवश्यक विशेषज्ञ जनशक्ति उत्पादन गर्न केन्द्रलाई प्रत्यारोपण स्वास्थ्य विज्ञान प्रतिष्ठान बनाउने संघीय सरकारको घोषणा कार्यान्वयनमा ढिलाइ भइरहेको बताउँदै उनले उपयुक्त जग्गा प्राप्त नहुँदा केन्द्र आफ्नै स्रोतबाट ३०० देखि ५०० शयचाको भवन बनाउने योजना अलपत्र परेको गुनासो गरे ।

भक्तपुर इँटा टायल कारखाना रहेको उद्योग मन्त्रालय मातहतको जग्गा वा सल्लाघारीमा रहेको नेपाल ट्रस्टको जग्गा तथा चाँगुनारायण नगरपालिका–८ सुडालको जग्गामध्ये कुनै एक ठाउँको जग्गा प्राप्त गर्न सके भवन निर्माण यथाशीघ्र हुने डा. श्रेष्ठले उल्लेख गरे । उनले भने, 'अंग फेल भएका गरिब नेपाली जनताको ज्यान बचाउन सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रको हालसम्म आफ्नै जग्गा र भवन छैन । अहिले उपलब्ध भवन अत्यन्तै साँघुरो छ । केन्द्रले ३०० शयचाको भवन बनाउन सक्षम छ । उपयुक्त जग्गा तत्काल उपलब्ध गराउन लागि सरकारसँग माग गर्दछु ।' *रासस*

# कामपाको 'सम्पदा यात्रा'मा ८०० युवा सहभागी

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले युवाहरूलाई सम्पदाको गरिमासँग आत्मपहिचान बुझाएर व्यक्तित्व विकासमा सहयोग गर्ने मुख्य उद्देश्यले 'सम्पदा यात्रा' सम्पन्न गरेको छ ।

शनिबार काठमाडौं महानगर वडा नं २२ ले ८०० युवाको सहभागितामा सम्पदा यात्रा (सम्पदा म्हसिके) सम्पन्न गरेको वडाध्यक्ष चिनीकाजी महर्जनले जानकारी दिए । उनका अनुसार यात्राका क्रममा वडाभित्रका ३४ वटा ऐतिहासिक सम्पदा क्षेत्र जोडिने गरी मार्गको परिक्रमा गरिएको थियो । मुनेगु थाय्: गणेश स्थान (न्युरोड)बाट सुरु भएको यात्रा दुगं वही (षडक्षरी महाविहार), दुगं बही नास: द्य:, प्युखा बहा: (अशोक चैत्य विहार), गूचा: त्वा:, सबल वहा: (मन्त्रसिद्धि महाविहार), तलेजु भवानी आगं छेँ, सवल बहा: (दशवल बिहार), लुँमढि चोक, तास्तु गणेश (चिकंअट), त:धं बहा: (धर्मचक्र महाविहार), दबू वहा:, पिन्छे बहा: (जम्बुनन्दन विहार), चिधं वहा: (जीर्ण उद्धार विहार), लुँमढि भद्रकाली द्य: छेँ (वतु), गुगुचा: गंछिं द्य: (नव दुर्गा द्य: छेँ), वतु नास: द्य: छेँ, वतु वहा: (धर्मचक्र बिहार) हुँदै अगाडि बढेको थियो ।

यस्तै, भुजिं वहा: (अशोक कीर्ति विहार), मू: बहा: (मूलश्री महाविहार), वं घ: कुमारी चोक, कान्तेश्वर महादेव, पिपल बोट, कुमारी, रण मुक्तेश्वर, गणमहाबिहार (गगनसंगम महाविहार), ते वहा: नास: द्य:, ते बहा: (राजकीर्ति महाविहार), पा: ल्हा: द्य: (पद्मान्तक/चन्द्र महारोषण,संकता), लुँमढि भद्रकाली द्य: छें (तेवहा:), पिगं द्य: (इन्द्रायणी)बाट लुँ हिति (सुन्धारा) र धरहरा पुगी समापन गरिएको थियो ।

धिमे, नायखिं, धा: बाजं जस्ता विभिन्न जातीय समुदायका परम्परागत वाद्यवादनसहित सम्पन्न गरिएको यात्रामा करिब आठ सय युवा सहभागी भएका थिए । उनीहरूलाई मूर्त सम्पदाको चिनारी, निर्माण शैली र विधि, यससँग धार्मिक तथा सामाजिक सम्बन्ध, अर्को सम्पदासँगको सम्बन्धसँगै ती सम्पदासँग जोडिएका रहनसहन, जात्रा पर्व र क्रियाकलापबारे जानकारी गराइएको थियो ।

यात्राको समापन गर्दै वडाध्यक्ष महर्जनले भने, 'पुर्खाले हामीलाई निजी घरजग्गा धनसम्पत्ति मात्र छाडेर गएका हैनन् । यस्ता थुप्रै मूर्त र अमूर्त सम्पदा जोगाउने जिम्मा पनि दिएका छन् । पुर्खाले नासोका रूपमा छाडेर गएका सम्पदाहरूको पजिान सकेको छैन । यस्ता कार्यक्रमले युवा व्यक्तित्वमा सम्पदाप्रेम विकास हुने विश्वास लिएको छु ।'

# लामखुट्टे नियन्त्रण अभियानको तयारी थाल्न आग्रह

**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले वर्षा सुरु भएसँगै महामारी नियन्त्रणमा सजगता अपनाउन र आवश्यक तयारी थाल्न आग्रह गरेका छन् ।

स्वास्थ्य मन्त्रालयमा आइतबार आयोजित महामारीजन्य विपद्को तयारीमा सक्रिय विभिन्न विभाग तथा महाशाखा प्रमुखहरूसँगको बैठकमा उनले समयमै सजगता अपनाउन र आवश्यक तयारी थालिहाल्न आग्रह गरे । मन्त्री पौडेलले बर्खायाम लागेसँगै देखापर्नसक्ने स्वास्थ्य महामारी नियन्त्रणका लागि सक्रियता बढाउनुपर्ने भन्दै डेंगी फैलन नदिन हालैबाट लामखुट्टे नियन्त्रण अभियानको तयारी अघि बढाउनुपर्ने बताए । उनले भने, 'वर्षायाम सुरु भइसकेको छ । पानी तथा कीटजन्य महामारीबाट जोगिन आ-आफ्नो तर्फबाट तयारी थाल्नुहोला । विपद् आएपछि मात्र सक्रियता देखिने प्रचलन रहेकाले यसपालि त्यो दोहोरिनुभएन ।'

मन्त्री पौडेलले भारतलगायत देशमा कोभिड देखिएकाले सीमा नाकामा कडाइका लागि पर्याप्त व्यवस्थापन गर्न आवश्यक रहेकाले तीनवटै सरकारसँग समन्वय गर्ने गरी मन्त्रालयले काम अघि बढाइरहेको बताए । उनले महामारी कोष प्रभावकारी बनाएर समयमै नागरिकले राहत पाउने गरी काम हुनुपर्नेमा जोड दिए ।

मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले बैठकले महामारी नियन्त्रणका लागि चाँडै वडा तहसम्मै प्रभावकारी रूपमा पुग्ने गरी तीनै तहको समन्वयात्मक बैठक आयोजना गर्ने निर्णय गरेको बताए ।


## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८२ साल जेठ महिना १२ गते सोमबार)

यस विकास बैंकको शाखा कार्यालय बेनिघाटबाट तपशिलमा उल्लेखित ऋणीहरुले साधारण कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं । सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ । साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

| **१) ऋणीको विवरण** |
| --- |
| सुबल माझीको नाति भीम बहादुर माझीको छोरा गोरखा जिल्ला घ्याल्चोक गा.वि.स. वडा नं. ९ हाल, गण्डकी गा.पा. वडा नं. ८ बस्ने **राजेन्द्र माझी** (ना.प्र.नं. : ४४१०१३/४०६ जारी मिति र जिल्ला : २०६७/०२/०४, गोरखा ) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) नर मान श्रेष्ठको नाति प्रेम लाल श्रेष्ठको छोरा गोरखा जिल्ला गा.वि.स. वडा नं. ९ हाल, गण्डकी गा.पा. वडा नं. ८ बस्ने **नारायण श्रेष्ठ** (ना.प्र.नं. : १३८१२६ जारी मिति र जिल्ला : २०६३/०२/२६, गोरखा) |
| २) टिके माझीको नाति चन्द्र लाल माझीको छोरा गोरखा जिल्ला घ्याल्चोक वडा नं. ९ हाल, गण्डकी गा.पा. वडा नं. ८ बस्ने **सुवित माझी** (ना.प्र.नं. : ४४१०१३/७९० जारी मिति र जिल्ला : २०६९/०४/३२, गोरखा) |

| **२) ऋणीको विवरण** |
| --- |
| इश्वरी प्रसाद न्यौपानेको नाति राम प्रसाद न्यौपानेको छोरा धादिङ्ग जिल्ला पिडा गा.वि.स. वडा नं. ६ हाल, गजुरी गा.पा. वडा नं. ६ बस्ने **मनोज न्यौपाने** (ना.प्र.नं. : २६१/६३९३३ जारी मिति र जिल्ला : २०६९/१२/२२, धादिङ्ग ) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) राम प्र. सिलवालको छोरी राम प्रसाद न्यौपानेको बुहारी मनोज न्यौपानेको पत्नी धादिङ्ग जिल्ला बेनिघाट गा.वि.स. वडा नं. ९ हाल, बेनिघाट रोराङ गा.पा. वडा नं. ३ बस्ने **पार्वती सिलवाल** (ना.प्र.नं. : २६३०३८-७०/११४ जारी मिति र जिल्ला : २०७०/०२/२५, धादिङ्ग) |
| २) हरिप्रसाद सिलवालको नाति रामप्रसाद सिलवालको छोरा धादिङ्ग जिल्ला बेनिघाट गा.वि.स. वडा नं. ९ हाल, बेनिघाट रोराङ गा.पा. वडा नं. ३ बस्ने **राजकुमार सिलवाल** (ना.प्र.नं. : ०१/१६०२५ जारी मिति र जिल्ला : २०६०/१०/१३, धादिङ्ग) |

| **३) ऋणीको विवरण** |
| --- |
| बज्र बहादुर बस्नेतको छोरी गोपाल बहादुर कणेलको बुहारी भिम बहादुर कडेलको पत्नी धादिङ्ग जिल्ला धुषा वडा नं. १ हाल, बेनिघाट रोराङ गा.पा. वडा नं. ७ बस्ने **लिला देवी कडेल** (ना.प्र.नं. : १९९ जारी मिति र जिल्ला : २०६२/०८/१८, धादिङ्ग) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) भवानीदत्त कडेलको नाति गोपाल बहादुर कणेलको छोरा धादिङ्ग जिल्ला धुषा वडा नं. १ हाल, बेनिघाट रोराङ गा.पा. वडा नं. ७ बस्ने **भिम बहादुर कडेल** (ना.प्र.नं. : ४३/२७ जारी मिति र जिल्ला : २०५८/०३/०३, धादिङ्ग) |
| २) रितु बहादुर राना मगरको नाति विरबहादुर राना मगरको छोरा धादिङ्ग जिल्ला धुषा गा.वि.स. वडा नं. १ हाल, बेनिघाट रोराङ गा.पा. वडा नं. ७ बस्ने **श्री राना मगर** (ना.प्र.नं. : २२६०२ जारी मिति र जिल्ला : २०५४/०९/२१, धादिङ्ग) |

| **४) ऋणीको विवरण** |
| --- |
| यम बहादुर पुरीको छोरी लिला बहादुर कडेलको बुहारी सुर्य बहादुर कडेलको पत्नी धादिङ्ग जिल्ला धुषा गा.वि.स. वडा नं. १ हाल, बेनिघाट रोराङ गा.पा. वडा नं. ७ बस्ने **कविता कडेल** (ना.प्र.नं. : २६-०१-७१-०८३२७ जारी मिति र जिल्ला : २०७१/११/२६, धादिङ्ग) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) भवानीदत्त कडेलको नाति गोपाल बहादुर कडेलको छोरा धादिङ्ग जिल्ला धुषा गा.वि.स. वडा नं. १ हाल, बेनिघाट रोराङ गा.पा. वडा नं. ७ बस्ने **लिला बहादुर कडेल** (ना.प्र.नं. : ३/१९२ जारी मिति र जिल्ला : २०५८/१०/१४, धादिङ्ग) |
| २) गणेश मल्लको छोरी खड्ग बहादुर कडेलको बुहारी लच्छु कडेलको पत्नी धादिङ्ग जिल्ला धुषा गा.वि.स. वडा नं. १ हाल, बेनिघाट रोराङ गा.पा. वडा नं. ७ बस्ने **मीरा कडेल** (ना.प्र.नं. : ९२२४ जारी मिति र जिल्ला : २०६०/१०/०७, धादिङ्ग) |

| **५) ऋणीको विवरण** |
| --- |
| खड्ग बहादुर कडेलको नाति विरबहादुर कडेलको छोरा धादिङ्ग जिल्ला धुषा गा.वि.स. वडा नं. १ हाल, बेनिघाट रोराङ गा.पा. वडा नं. ७ बस्ने **रेशम कडेल** (ना.प्र.नं. : १/५६९०६ जारी मिति र जिल्ला : २०६९/०३/१०, धादिङ्ग) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) कुलराज पाण्डेको छोरी विरबहादुर कडेलको बुहारी रेशम कडेलको पत्नी धादिङ्ग जिल्ला बेनिघाट रोराङ गा.पा. वडा नं. ७ बस्ने **सुबानी पाण्डे (कडेल)** (ना.प्र.नं. : २६-०१-७५-०३५७० जारी मिति र जिल्ला : २०७५/०४/०७, धादिङ्ग) |
| २) खड्ग बहादुर कडेलको नाति लिला बहादुर कडेलको छोरा धादिङ्ग जिल्ला बेनिघाट गा.वि.स. वडा नं. ७ हाल, बेनिघाट रोराङ गा.पा. वडा नं. ७ बस्ने **श्रीकृष्ण कडेल** (ना.प्र.नं. : २६-०१-७४-००७९० जारी मिति र जिल्ला : २०७४/०२/१२, धादिङ्ग) |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## नैतिकताको पाठ आफू पनि सिक्ने कि गृहमन्त्रीज्यू ?

**गृहमन्त्री रमेश लेखक यतिबेला आफू कसरी निर्दोष छु भन्ने प्रमाण देखाउनमा तल्लीन् छन् । लेखकले आफूनिकटका सबैलाई आफ्नो पक्षमा बोल्नसमेत बाध्य बनाएका छन् । रोजगारीको सिलसिलामा विदेश हिँडेकाबाट हजारौं असुलेर आफ्नो खल्ती बलियो पार्ने थलो बनेको अध्यागमन विभागलाई गृहमन्त्रीको रजाइँ गर्ने ठाउँका रूपमा हेरिन्छ ।**

**यही ठाउँका हाकिम गत बुधबार अख्तियारको फन्दामा परे । गृहमन्त्री लेखककै तजविजमा अध्यागमनको हाकिम बनेका तीर्थराज भट्टराईले पक्राउ परेसँगै गृहमन्त्रीलाई पनि असुल गरेको रकम बुझाउनुपर्ने बयान दिइसकेका छन् । यस्तो अवस्थामा गृहमन्त्री लेखक भने मन्त्रालयमा हजारौं कर्मचारी हुने र एकजना पक्राउ पर्दैमा आफूले राजीनामा दिनुपर्ने दाबी गर्दै आएका छन् ।**

**कानुनका जानकार लेखक यसअघि गृहमन्त्री रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई नैतिकताको पाठ सिकाउँथे । तर अहिले आफू भने कुनै पनि हालतमा पद नछाड्ने मुडमा देखिन्छन् । लेखक अहिले कांग्रेस सभापति शेरबहादुर देउवाका दाहिने हुन् । हुन त कांग्रेस सरकारमा प्रकाशमान सिंहको नेतृत्वमा सहभागी छ । तर देउवाले उनैलाई सम्पूर्ण जिम्मेवारी छाडेका छन् सरकारको ।**

**यस्तो अवस्थामा लेखक बलिया देखिन्छन् । त्यसैले आफू निर्दोष छु भन्दै बच्न खोजिरहेका छन् । तर विमानस्थलमा केही कमाउन हिंडेका नागरिकलाई यसरी दैनिक लुटिँदा गृहमन्त्रीले के हेरिरहेका थिए ? विमानस्थलमा मात्र हैन हरेक दिन विभिन्न बाहनामा नागरिक लुटिएका छन् । यस्तो अवस्थामा गृहमन्त्री लेखक के हेरिरहेका थिए ? गत असोजमा काठमाडौं, काभ्रे क्षेत्रमा बाढी आउँदा पनि गृहमन्त्री लेखकको अक्षमता प्रस्ट भइसकेको थियो ।**

**तर शक्तिमा पुगेका व्यक्तिलाई धेरैले पूजा गर्न थाले । वाहवाही पाउँदा गृहमन्त्री उन्मुक्त हुँदै गए । अहिले आफैंले पठाएको हाकिमले लाखौं कुम्ल्याउने खुलेपछि रातारात गृहमा तान्न मन्त्री लेखक आफैं लागेका थिए । तर उनको त्यो चाला थाहा पाएर अख्तियारले भट्टराईलाई नियन्त्रणमा लिइहाल्यो । यस्ता खालका तिकडम रचेर बच्न खोज्ने अनि अरुलाई नैतिकताको पाठ कहिलेसम्म सिकाइरहने गृहमन्त्रीज्यू ? प्रश्न उठेपछि आफूलाई स्वतन्त्र रूपमा अनुसन्धान अघि बढाउन मार्गप्रशस्त गराउनु बुद्धिमान कि पदमा टाँसिइरहनु बुद्धिमान ? दुईतिहाइको दम्भ देखाएर पद नछाड्ने अड्डी कसे यो भोलिका लागि भारी पर्न सक्छ । त्यसैले गृहमन्त्रीज्यू, आफूले सिकाएको पाठ आफैंमा पनि लागू गर्ने कि ?**

श्रम सरोकार

### निर्माण क्षेत्रमा काम गर्दा अपनाउनुपर्ने सावधानी

वैदेशिक रोजगारीमा गएका धेरै नेपालीहरू निर्माण क्षेत्रमा कार्यरत छन् । निर्माण क्षेत्रमा काम गर्दा विशेष सतर्कता अपनाउनुपर्ने हुन्छ । किनभने हरेक क्षण जोखिममा काम गर्नुपर्छ । निर्माण क्षेत्रमा काम गर्ने कामदारहरूले सुरक्षा सावधानीका आवश्यक सबै नियमहरूको पूर्ण पालना गर्नुपर्दछ, जसमा न्यूनतम् यी कुराहरू पर्दछन्:

- हातमा पञ्जा वा कामको प्रकृति सुहाउँदो, टाउकोमा हेलमेट खुट्टामा सेफ्टी सुज (स्टिल टो भएको जुत्ता), पूरै शरीर ढाकिने युनिफर्म, आँखामा सेफ्टी ग्लास (चस्मा), मुखमा मास्क (धूलो हुनेमा अनिवार्य), कानमा इयर प्लग (ठूलो आवाज हुनेमा अनिवार्य) सामान्यतया प्रयोग गरिने न्यूनतम उपकरणहरू हुन् । यिनका अतिरिक्त स्काफोल्डिङ प्रयोग गरिने उचाई या गहिराइका काममा डोरीसहितको विशेष सेफ्टी ज्याकेट र बेल्ट, स्याण्ड ब्लास्टिङ गर्दा ब्लास्टिङका विशेष उपकरण जस्तै विशेष काममा विशेष (अतिरिक्त सुरक्षा) उपकरणहरू प्रयोग गर्ने ।
- काम गर्ने ठाउँमा आगो नियन्त्रणका लागि एकजना रेखदेख गर्ने व्यक्ति र सुरक्षा सावधानी हेर्ने छुट्टै सेफ्टी सुपरभाइजर पनि अनिवार्य रहनुपर्ने नियम नै हुन्छ, उक्त नियमको पालना गर्ने ।
- कम्पनीको काम व्यक्तिगत काम जस्तो आफूखुसी गर्नु हुँदैन, ठूला कम्पनीहरूका प्रायः काममा हरेक दिन काम सुरू गर्नुअघि अनुमति लिनुपर्ने सिस्टम हुन्छ, यस्तो पर्मिट दिनुअघि काम गर्ने स्थल सुरक्षित छ छैन जाँच गर्नुपर्छ ।
- काममा प्रयोग हुने सबै उपकरणहरू दुरूस्त हुनुपर्दछ, जाँचेर सुरक्षित भएको टचाग नै लगाइएको हुनुपर्दछ । साथै गाडी चालक तथा अपरेटरहरू पनि लाइसेन्स होल्डरहरू हुनुपर्दछ ।
- आफूले नजानेको, नबुझेको या नसक्ने काम गर्नुहुँदैन, पहिले सिकेर दक्ष र सक्षम बन्नुपर्दछ ।
- शारीरिक र मानसिकरूपमा अस्वस्थ रहेको बेला काम गर्नु हुँदैन, आराम गरी पहिला स्वस्थ बन्नुपर्दछ ।
- ठूलो हावाहुरी चल्दा, पानी पर्दा या अरू कुनै प्रदूषण फैलिएको असामान्य र असुरक्षित अवस्थामा काम गर्नु हुँदैन ।
- काम गर्दा अचानक कुनै दुर्घटना हुन गए, कुनै हानि नोक्सानी हुन गए या अप्रत्यासितरूपमा प्रतिकूल अवस्था सिर्जना भए तुरून्त आफूभन्दा सिनियरलाई खबर गरी समाधान खोज्नुपर्दछ । कुनै शंका लागे सोध्नुपर्छ । अन्दाजमा कुनै काम गर्नु हुँदैन ।

# दिगो स्वास्थ्य प्रवर्द्धनको आवश्यकता



■ गम्भीरबहादुर हाडा

स्वास्थ्य बजेटलाई केवल खर्चका रूपमा हेर्ने दृष्टिकोण परिवर्तन गर्न आवश्यक छ । स्वास्थ्य क्षेत्रमा गरिएको लगानी राष्ट्र निर्माणको दीर्घकालीन लगानी हो । स्वस्थ नागरिक नै देशको आर्थिक र सामाजिक विकासका प्रमुख आधारशिला हुन् । संविधानले स्वास्थ्यलाई नागरिकको मौलिक हकको रूपमा स्थापित गरे पनि वास्तविकता फरक छ । स्वास्थ्य क्षेत्रको बजेट नै कम विनियोजन हुन्छ त्यो पनि प्रभावकारी खर्च हुन्न । विनियोजित बजेट खर्च हुन नसक्नुको पछाडि परम्परागत ढंगमा बजेट बनाउनदेखि त्यही अनुसारका कार्यक्रमहरु निर्माण हुनु हो । जसका कारण सर्वव्यापी स्वास्थ्य पहुँच र गुणस्तरीय स्वास्थ्य सेवाको लक्ष्य हासिल गर्न निकै समस्या परेको छ ।

विश्व स्वास्थ्य संगठनको नारा 'हेल्थ इज वेल्थ'ले पनि प्रस्ट गर्दछ- मानिसको सबैभन्दा बहुमूल्य सम्पत्ति नै स्वास्थ्य हो । स्वस्थ व्यक्तिले नै आफ्नो परिवारको, समुदाय र राष्ट्रका लागि केही गर्नसक्छ र आफ्नो लक्ष्य प्राप्तिका लागि निरन्तर अगाडि बढ्न सक्छ । हरेक मानिसको जीवनमा स्वास्थ्यले ठूलो महत्त्व राख्दछ । स्वास्थ्य राम्रो भएमा जीवनका हरेक पक्षमा मानिसले सफलता हासिल गर्न सक्दछ । त्यसकारण स्वास्थ्य नै धन हो भन्ने कुरामा कसैको पनि दुईमत हुँदैन । कुनै समयमा विभिन्न आपत्विपद्बाट मुक्त अवस्थालाई स्वास्थ्यको रूपमा लिएको पाइन्छ । कुनै समयमा दीर्घायु जीवनलाई स्वास्थ्यको रूपमा लिएको पाइन्छ भने कुनै समयमा रोगबाट मुक्त रहेको अवस्थालाई लिइएको पाइन्छ । यसरी बदलिँदो समयअनुसार स्वास्थ्यको अर्थ फरक-फरक रूपमा आएको देखिए पनि स्वास्थ्यलाई रोगबाट मुक्त भएको अवसरको रूपमा स्वीकार्ने व्यक्तिहरू अहिलेको समयमा पनि धेरै छन् ।

नेपालको संविधान, २०७२ अनुसार हरेक नागरिकको स्वास्थ्य अधिकार सुनिश्चित गरिएको छ । यसका लागि सरकारले विभिन्न स्वास्थ्य सेवा कार्यक्रमहरू सञ्चालनमा ल्याएको छ । मातृशिशु स्वास्थ्य सुधारका लागि सुरक्षित मातृत्व कार्यक्रम, खोप अभियान र पोषण सुधार कार्यक्रम प्रभावकारी मानिन्छन् । ग्रामीण क्षेत्रका लागि 'गाउँगाउँमा स्वास्थ्यकर्मी, प्रत्येक घरमा स्वास्थ्य सेवा' नाराका साथ स्वास्थ्य चौकीहरू स्थापना गरिएको छ ।

नेपालमा प्रजनन स्वास्थ्य, बाल स्वास्थ्य र सरुवा रोग नियन्त्रणमा महत्त्वपूर्ण प्रगति भएको छ । उदाहरणका लागि, पोलियो उन्मूलन, कालाजार नियन्त्रण र खोप अभियानले सरुवा रोगहरूलाई कम गर्न सहयोग पुऱ्याएको छ । मातृ मृत्युदर र शिशु मृत्युदरमा पनि केही हदसम्म सुधार भएको छ । सरकारले स्वास्थ्य बिमालाई प्राथमिकता दिँदै नागरिकहरूलाई न्यूनतम शुल्कमा सेवा दिने व्यवस्था गरेको छ । ग्रामीण क्षेत्रमा रहेका प्राथमिक स्वास्थ्य चौकीहरूले सामान्य रोगहरूको उपचारका साथै गर्भवती महिलालाई निःशुल्क सल्लाह र औषधि प्रदान गरिरहेका छन् ।

आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्यमा उल्लेख गरिएअनुसार यस आर्थिक वर्षमा आधार भूत र आकस्मिक स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाइने नीति लिइएको छ । स्वास्थ्य संस्थामा अत्यावश्यक उपकरण, औषधि र दक्ष जनशक्तिको आपूर्ति सुनिश्चित गरिने कार्यक्रम राखिएको छ । आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न हरेक वडामा एक आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालन गरिने कार्यक्रम राखिएको छ । निर्माण सम्पन्न भएका पाँच, १० र १५ शयचाका आधार भूत अस्पतालको विधि तय गरी सञ्चालन गरिने कार्यक्रम राखिएको छ । निर्माणाधीन अस्पतालको निर्माण कार्य सम्पन्न गरिने नीति लिइएको छ । यसका लागि १५ अर्ब ४१ करोड रूपैयाँ विनियोजन गरिएको छ । विपन्न नागरिकलाई मुटु, क्यान्सर, मिर्गौला, अल्जाइमर्स, पार्किन्सन, स्पाइनल इन्जुरी, हेड इन्जुरी तथा सिकलसेल एनिमिया रोगमा उपचार सहुलियतका लागि प्रतिबिरामी व्यक्ति एक लाख रूपैयाँबराबरको रकम प्रदान गर्न तीन अर्ब रूपैयाँ विनियोजन गरिएको छ । आधारभूत स्वास्थ्य सेवा केन्द्र र आधारभूत अस्पतालबाट ९८ प्रकारका औषधि तथा खोप र प्रजनन स्वास्थ्यसम्बन्धी सामग्री निःशुल्क उपलब्ध गराउन एक अर्ब ४३ करोड रूपैयाँ विनियोजन गरिएको छ । आमा सुरक्षा र मातृ तथा नवजात शिशु स्याहार कार्यक्रमका लागि तीन अर्ब छ करोड रूपैयाँ विनियोजन गरिएको छ ।

स्वास्थ्य बजेटलाई केवल खर्चका रूपमा हेर्ने दृष्टिकोण परिवर्तन गर्न आवश्यक छ । स्वास्थ्य क्षेत्रमा गरिएको लगानी राष्ट्र निर्माणको दीर्घकालीन लगानी हो । स्वस्थ नागरिक नै देशको आर्थिक र सामाजिक विकासका प्रमुख आधारशिला हुन् । संविधानले स्वास्थ्यलाई नागरिकको मौलिक हकको रूपमा स्थापित गरे पनि वास्तविकता फरक छ । स्वास्थ्य क्षेत्रको बजेट नै कम विनियोजन हुन्छ त्यो पनि प्रभावकारी खर्च हुन्न । विनियोजित बजेट खर्च हुन नसक्नुको पछाडि परम्परागत ढंगमा बजेट बनाउनदेखि त्यही अनुसारका कार्यक्रमहरू निर्माण हुनु हो । जसका कारण सर्वव्यापी स्वास्थ्य पहुँच र गुणस्तरीय स्वास्थ्य सेवाको लक्ष्य हासिल गर्न निकै समस्या परेको छ ।

विश्वका धेरै विकसित राष्ट्रहरूले स्वास्थ्य क्षेत्रमा उच्च लगानी गरेर प्रतिफल प्राप्त गरेका छन् । क्यानडा, बेलायतजस्ता देशहरूले सर्वव्यापी स्वास्थ्य सेवा प्रणाली लागू गरेका छन्, जहाँ नागरिकले अवाश्यकताअनुसार निःशुल्क स्वास्थ्य सेवा प्राप्त गर्छन् । यसले त्यहाँका नागरिकको जीवनस्तर सुधेको छ र देशको आर्थिक विकासमा पनि सकारात्मक योगदान पुगेको छ । त्यस्तै, दक्षिण कोरियाले स्वास्थ्य अनुसन्धान र विकासमा गरेको लगानीले उसलाई चिकित्सा प्रविधिमा विश्वकै अग्रणि राष्ट्र बनाएको छ । स्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिने राष्ट्रहरूको जिडिपी पनि उच्च देखिएको छ । जस्तै, संयुक्त राज्य अमरिकाले आफ्नो कूल जिडिपीको १७ प्रतिशत स्वास्थ्य सेवामा खर्च गर्छ, जसले विश्वकमै उच्चतम् श्रम उत्पादकत्व दर सिर्जना गरेको छ । स्वीडेन, नर्वे, डेनमार्कजस्ता देशहरूले सार्वजनिक स्वास्थ्य सेवामा ठूला लगानी गरेकै कारण स्वस्थ जनसंख्या बढी उत्पादक भएर आर्थिक वृद्धि हासिल गरेका छन् ।

नेपालको संविधान, २०७२ को भाग ३ मौलिक हक र कर्तव्यअन्तर्गत धारा ३५ मा स्वास्थ्यसम्बन्धी हकको व्यवस्था गरिएको छ:

(१) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुने छ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन ।

(२) प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुने छ ।

(३) प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुने छ ।

(४) प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुने छ ।

सामाजिक सुरक्षाको हकः आर्थिकरूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपांगता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुनबमोजिम सामाजिक सुरक्षाको हक हुने छ ।

नेपालमा स्वास्थ्य सेवा क्षेत्रका समस्या र चुनौतीहरू यत्रतत्र देखिन्छन् । राज्यले स्वास्थ्य सेवामा गरेका योगदानलाई सहीरूपमा सदुपयोग गर्न नसक्दा स्वास्थ्य सेवाप्रति जनताको भावना नकारात्मकरूपमा देखिएको छ । अधिकांश नेपालीले गरिबीका कारणले महँगो स्वास्थ्य शुल्क तिर्न नसक्ने हुँदा जनताले रोग पालेर बस्नुपर्ने अवस्था रहिरहनु, अधिकांश ठूला तथा सुविधा सम्पन्न अस्पतालहरू सहरी क्षेत्रमा मात्र केन्द्रित रहिरहनु, धामी, झाँक्रीद्वारा उपचार गर्ने प्रवृत्ति तथा परम्परागत प्रणाली एवं स्वास्थ्य उपचार पद्धति लोकप्रिय भएको छ । नेपालका अधिकांश ग्रामीण तथा दूरदराजका ठाउँमा स्वास्थ्यकर्मीहरूको अभाव, स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरूमा चेकजाँच गर्ने उपकरण र औषधिको अभाव रहिरहनु, शिक्षामा पहुँच तथा चेतनाको कमीले गर्दा सरकारले उपलब्ध गराएको निःशुल्क स्वास्थ्य सेवालाई सर्वसाधारण नागरिकले उपयोग गर्न नसक्नु, यातायात, सञ्चार, विद्युत् तथा आधुनिक प्रविधिजस्ता पूर्वाधारहरूको कमजोर अवस्थाले गर्दा दुर्गम क्षेत्रका स्वास्थ्य संस्था सञ्चालन गर्न कठिनाइ भइरहनु आदि ।

नेपालमा जनतालाई संविधानले सुनिश्चित गरेजस्तै स्वास्थ्य सेवाको मौलिक हकमा अधिकांश जनताको पहुँच हुनेगरी स्वास्थ्य सेवा सुनिश्चित गर्नुपर्दछ । सबैभन्दा महत्त्वपूर्ण कुरा सरोकारवालाहरू बीचमा सहकार्यता हुनेगरी सरकारले विशेष राहत प्याकेजको दीर्घकालीन उपाय अवलम्बन गर्नुपर्दछ । नेपालमा कतिपय अवस्थामा दुर्गम क्षेत्रहरूमा स्वास्थ्यकर्मी उपलब्ध हुन नचाहेको अवस्थामा स्वास्थ्यकर्मीलाई परामर्श दिने, यातायात, सञ्चार, विद्युत् तथा सूचना प्रविधिजस्ता पूर्वाधारहरूको व्यवस्था गर्नुको साथै अधिकांश स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरूमा चेकजाँच गर्ने उपकरण र औषधि समयमै उपलब्ध गराउनुपर्दछ । स्थानीय तहमा एवं समुदायस्तरमा सन्तुलन तथा पौस्टिक आहारसम्बन्धी कार्यक्रम सञ्चालन गर्दै जाने, निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्दै जनताको स्वास्थ्यप्रति गुणस्तरीयता वृद्धि गर्ने, सेवा प्रदान गरिरहेका विशेषगरी सरकारी अस्पतालहरूको गुणस्तर बढाउने, यस कार्यलाई नेपाल सरकारले तदारुकताका साथ लाग्नुपर्ने व्यवस्था मिलाउने र स्वास्थ्य संस्थाहरूको काम कारबाहीलाई बेलाबखत अनुगमन, नियमन, सुपरीवेक्षण र मूल्यांकन गर्नु जरुरी छ । प्रावधानको आवश्यकता, स्वास्थ्यकर्मीलाई उचित तालिम, विकास तथा परामर्शसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, नेपाल सरकारले स्वास्थ्य क्षेत्रलाई उच्च प्राथमिकतामा राखी बजेटको मात्रा वृद्धि गर्दै जाने, अधिकांश ग्रामीण तथा दुर्गम क्षेत्रहरूमा भएका स्वास्थ्य चौकी वा उपस्वास्थ्य चौकी र केन्द्र अथवा जिल्लामा रहेका स्वास्थ्य केन्द्रहरूका बीचमा सहकार्य, समन्वय, तादात्म्यता तथा तालमेल गराउने आवश्यक देखिन आउँछ । सरकारी स्वास्थ्य चौकी तथा अस्पतालहरूमा स्वास्थ्यकर्मीहरूको उचित संख्या लोकसेवा आयोगबाट समयमै पूरा गर्ने, सबै क्षेत्रका नागरिकलाई समान स्वास्थ्य सेवा प्रदान गर्न ग्रामीण क्षेत्रमा अस्पताल, स्वास्थ्य चौकी र मोबाइल स्वास्थ्य सेवाको विस्तार गर्नुपर्छ ।

संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधार भूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने एवं स्वास्थ्य सेवामा समान पहुँच प्राप्त हुने विषयलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ । नागरिकलाई स्वस्थ बनाउन राज्यले स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्ने एवं गुणस्तरीय, सहज, सुलभ स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्दै सबैको स्वस्थ जीवन प्रत्याभूत गरी दिगो विकास सुनिश्चित गर्नुपर्ने दायित्व पनि संविधानबाटै निर्देशित छ । स्वास्थ्यसम्बन्धी उपरोक्त संवैधानिक व्यवस्था एवं दिगो विकासका लक्ष्य हासिल गर्न योगदान गर्ने सोचका साथ स्वास्थ्य क्षेत्रको प्रवर्द्धन गर्न आवश्यक भएको छ ।

# संविधान संशोधन गरेर प्रदेशलाई अधिकारसम्पन्न बनाऔं



■ रुक्मिणी बराइली

राष्ट्रहितका सबै समस्याका समाधान गर्ने थलो प्रतिनिधिसभा नै हो । प्रदेश र स्थानीय तहको नेतृत्व गर्ने पनि प्रतिनिधिसभाले नै हो । अर्को जनताका सवाललाई सरकारसम्म पुऱ्याउने पनि संसद् नै हो । तर, मेरो संसद्प्रतिको बुझाइ र काम गराइमा फरक छ । हामी संसद्मा बहुमत र अल्पमतको अभ्यासमा छौं । सरकारको अस्थिरताका कारण पनि संसद्ले संविधानका आधारमा जति कानुन बनाउनुपर्ने हो, त्यति कानुन निर्माण गर्न सकेको छैन ।

संविधान कार्यान्वयनको अवस्था हेर्दा, मेरो बुझाइमा ५० प्रतिशतमात्र कार्यान्वयन भएको छ जस्तो लाग्छ । संसद्मा महिलाको सहभागितालगायत केही व्यवस्था कार्यान्वयन भएको छ । महिलाको कतिपय विषय संविधानमा छ, तर व्यवहारमा कार्यान्वयन हुन सकेको छैन । संविधानको मौलिक हकमा उल्लेख भएका दलितलगायत उत्पीडित समुदायको सवाल अहिले पनि थाती नै छ ।

संविधान संशोधन हुनुपर्छ । संघीयता कार्यान्वयनकै सवालमा संशोधन गर्नुपर्ने छ । स्थानीय, प्रदेश र संघीय सरकारको अधिकारका सम्बन्धमा संविधान संशोधन गरेर प्रस्ट पार्नुपर्ने छ । अधिकारजति सबै संघमा राखिदिने तर प्रदेशले काम गरेन मात्रै भनेर हुँदैन । प्रदेशलाई अधिकार नदिएकै कारण प्रदेश सरकार प्रभावकारी बन्न सकेको छैन । संविधान कार्यान्वयनका क्रममा देखिएका जटिलतालाई समयानुकूल संशोधन गर्दै लानुपर्छ ।

महिलाको समग्र अवस्था हिजो र आजमा फरक छ । पहिलेको तुलनामा अहिले महिलाले अधिकार पाएको छैन भन्न मिल्दैन । संविधान निर्माण भइसकेपछि महिलाको सहभागितालाई हेर्ने हो भने वडा सदस्यदेखि राष्ट्रपतिसम्म भएको छ । महिला सभामुख, प्रधानन्यायाधीश, सरकारको मुख्यसचिव, मन्त्री, नगरपालिका प्रमुख भएका छन् । संविधानअनुसार महिलाको संसद्मा ३३ प्रतिशत सहभागिता कार्यान्वयन भएकै विषय हो । तर, यो पर्याप्त भने होइन । मुख्य कार्यकारी पदमा महिलाको सहभागिता हुन सकेको छैन । प्रतिशतको कुरा गर्ने हो भने पुरुषभन्दा महिलाको जनसंख्या धेरै छ । मेरो विचारमा यदि महिलालाई आरक्षण दिने हो भने ५० प्रतिशत दिनुपर्छ ।

जनताको अवस्थालाई कसरी विश्लेषण गर्ने भन्नेमा फरक पर्छ । व्यवस्थाअनुसार जनताको अवस्थामा क्रमिक सुधार हुँदै आएको छ । विकासका हिसाबले विकास भएको छ । हिजोका दिनमा गाउँमा एक गाग्री पानी लिएर आउँदा चार घण्टा लाग्थ्यो । तर अहिले घरघरमा धारा पुगेको छ । अहिले रोजगारी भने मुख्य विषय बनेको छ । त्यसतर्फ सबै राजनीतिक दलको ध्यान जान जरुरी छ । हामीले ठूलो महल बनाएर मात्रै हुँदैन । जनताको जनजीविकाको प्रश्न पनि छ । उनीहरूलाई कसरी हुन्छ आत्मनिर्भर बनाउनुपर्ने छ । त्यसतर्फ लाग्न जरुरी छ ।

युवा विदेश पलायन रोक्न सबैभन्दा पहिला शिक्षालाई कामकाजी मात्र होइन, व्यावहारिक बनाउनुपर्छ । मेरै उदाहरण दिँदा छोराले १२ कक्षा सकेको छ । अब उसलाई यहाँ बस्ने मन छैन । अभिभावकले जति खर्च गरेर पठाएको हुन्छ, त्यहीअनुसारको आम्दानी हुने स्रोत छैन । स्वदेशमा रोजगारी बढाउन औद्योगिक क्षेत्रमा सरकारले लगानी बढाउनुपर्छ । बन्द भएका उद्योगलाई फेरि सञ्चालन गर्नेतर्फ सरकारको ध्यान जान जरुरी छ । स्वदेशमै इलम पाउने व्यवस्था भए युवालाई रोक्न सकिन्छ ।

सबैको चित्त बुझाउन सकिन्छ भन्ने छैन । तर पनि जनतालाई चाहेअनुसार सेवा दिने हो भने सुशासन कायम हुन्छ । जनतालाई सरकार भएको अनुभूति दिनुपर्छ । जनतालाई न्याय हुनेगरी काम गरेको खण्डमा सुशासन हुन्छ । तीनै तहका सरकारले इमान्दारसाथ आ-आफ्नो भूमिका निर्वाह गर्ने हो भने सुशासन कायम हुँदै जान्छ । सुशासनका निम्ति राजनीतिक दल सुध्रिन आवश्यक छ ।

यदि देश समृद्ध बनाउने हो भने समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय लक्ष्य हासिल गर्न सबै राजनीतिक दलबीच मतैक्यता भएर लाग्नुपर्छ । त्यसका लागि राजनीतिक दलको बीचमा स्वस्थ प्रतिस्पर्धा हुनुपर्छ । देश बनाउन आम्दानीको स्रोतको पहिचान गर्नुपर्छ । संघीय सरकारले पनि बृहत योजना बनाउनुपर्छ । प्रदेशले आफ्नो स्थानीय पर्यटन, कृषि, कला संस्कृतिको व्यवस्थापन गर्नुपर्छ ।

*(प्रतिनितिसभा सदस्य बराइलीसँग राससले गरेको कुराकानीमा आधारित)*



ग्राहकको पर्खाइ | सर्लाहीको बरहथवा बजारमा माटाबाट निर्मित सामग्रीहरू बिक्रीका लागि ग्राहकको पर्खाइमा व्यापारी ।
*तस्बिरः विश्वनाथ ठाकुर/रासस*

# २४ वर्षदेखि न्यायको पखाईमा शुक्लाफाँटा आरक्ष विस्थापित

■ महादेव अवस्थी



**दोधारा चाँदनी (कञ्चनपुर)–** हिरासिंह भण्डारीको बेदकोट नगरपालिका-९ सुन्दरपुरमा डेढ बिघा जग्गा थियो । तत्कालीन शुक्लाफाँटा वन्यजन्तु आरक्ष (हालको शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज) विस्तारका क्रममा २०५८ मंसिर १२ गते उन त्यहाँबाट विस्थापित भए ।

आरक्ष विस्तारका क्रममा राज्यबाट विस्थापित भएपछि भण्डारीले पुनर्स्थापनाको पर्खाइमा करिब चार/पाँच वर्ष सडकमै बिताए । राज्यबाट व्यवस्थापन हुन नसकेपछि २०६४ सालमा शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज क्षेत्रमा पर्ने ढक्का शिविरमा उनीलगायतका ६०० विस्थापित बसोबास गर्दै आएका छन् ।

'सरकारले हाम्रो व्यवस्थापन नगरेपछि जंगलको किनारमा खाली ठाउँ देखेपछि यहाँ बसेका छौं,' आरक्षपीडित भण्डारीले भने, 'सरकारले ३३ आयोग गठन गरे पनि हाम्रो व्यवस्थापन हुनसकेको छैन, २४ वर्ष बितिसक्यो ।'

भण्डारीका अनुसार शिविरमा हाल ६०४ परिवारको बसोबास छ । 'हामी यहाँ झुपडी बनाएर जर्बजस्ती बसेका हौं, जंगली हात्ती आउँछ । घर भत्काउँछ, पुनः झुपडी बनाउन निकुञ्जले रोक्छ,' उनले दुखेको गर्दै भने, 'बिजुलीबत्ती, खानेपानी, शौचालय केही सुविधा छैन, सोलार पनि निकुञ्जले लगाउन दिँदैन ।'

उनले २४ वर्षदेखि ढक्का शिविरका बासिन्दा अँध्यारोमा बस्न बाध्य रहेको बताए । जसले गर्दा बालबालिकाको पढाइसमेत प्रभावित भएको छ । 'राज्यबाट केही सुविधा मिलेको छैन, हाम्रा बालबालिकाले खोप र भिटाभिनसमेत पाएका छैनन्,' भण्डारीले भने, 'हाम्रो भोटमात्र चल्छ, अरु केही चल्दैन आधारभूत सेवाबाट वञ्चित भएका छौं ।' उनले उक्त स्थानमा गहुँ थ्रेसिङ र खनजोतका लागि पनि निकुञ्जको अनुमति लिनुपर्ने बाध्यता रहेको बताए । सरकारले आरक्ष विस्थापितको समस्या समाधानका लागि विभिन्न समयमा ३३ आयोग गठन गरेको छ तर पनि विस्थापितको समस्या समाधान हुनसकेको छैन । जिल्लाका विभिन्न स्थानबाट विस्थापित भएका ६०४ परिवार दुई दशकदेखि ढक्का शिविरमा कष्टकर जीवन बिताइरहेका छन् ।

पिपलाडी-१ बाट विस्थापित भएर शिविरमा बस्दै आएका मोतिलाल डगौरा सरकारले सट्टाभर्ना दिने आश्वासन दिए पनि हालसम्म नदिएको बताउँछन् । 'विस्थापित हुनेबेला जग्गाधनी पुर्जा थिएन, सट्टाभर्ना पाइएन,' उनले भने, 'हाम्रो व्यवस्थापनका लागि सरकारले पटक-पटक आयोग गठन गऱ्यो, ती आयोगले समस्या समाधान गर्नुको साटो विस्थापितको संख्या थपघट गर्ने काममात्र गरेको छ ।' उनले सरकारले छानबिन गरेर वास्तविक पीडितको व्यवस्थापन गर्नुपर्ने बताए । 'राज्यले हाम्रो पीडा बुझेन, हामी भोट बैंकमात्र भयौं,' उनले भने, 'निर्वाचनका बेलामात्र नेताहरू आउँछन्, हामी व्यवस्थापन गर्छु भन्छन् अहिलेसम्म आश्वासनमात्र पाएका छौं ।'

हालसम्म ३३ आयोग गठन हुँदा पनि विस्थापितको समस्या समाधान हुनसकेको छैन । वि.सं. २०५८ मा द्वन्द्वका बेला सरकारले तत्कालीन शुक्लाफाँटा आरक्षको पूर्वीक्षेत्र विस्तार गर्दा विस्थापित पीडित अझै पनि जंगल, खोला नदी छेउछाउमा झुपडी बनाएर बस्दै आएका छन् । निकुञ्जको 'कोर एरिया'मा रहेको ढक्कालगायत जिल्लाका विभिन्न स्थानका १७ शिविरमा विस्थापित बसोबास गरिरहेका छन् । *रासस*

# राष्ट्रिय परिचयपत्र बनाउन सास्ती

## बिहान ४ बजेदेखि लाइन बस्न बाध्य सेवाग्राही

■ दामोदर खनाल



**बुटवल–** बुटवलजस्तो सुगम ठाउँमा राष्ट्रिय परिचयपत्र बनाउन सेवाग्राही बिहान ४ बजेदेखि लाइनमा बस्छन् भन्दा धेरैलाई अपत्यारिलो लाग्ला । तर यथार्थमा इलाका प्रसासन कार्यालय बुटवलमा पुग्दा सेवाग्राहीहरू बिहान ४ बजेदेखि नै सेवा लिन लाइन लागेको देखिन्छ ।

राहदानी, परिचयपत्र, नागरिता, बैंक खाता खोल्न, पेन्सन बुझ्नलगायत हरेक काममा राष्ट्रिय परिचयपत्र अनिवार्य गरेपछि परिचयपत्र बनाउनेको भीड लागेको हो । पछिल्लो समय राष्ट्रिय परिचयपत्र अनिवार्य गरेपछि सेवाग्राहीहरूले सास्ती बेहोर्नुपरेको छ । राष्ट्रिय परिचयपत्र बनाउन इलाका प्रसासन कार्यालय बुटवलमा सेवाग्राहीहरू बिहान ४ बजेदेखि नै लाइन लाग्ने गर्दछन् ।

इलाका प्रसासन कार्यालय बुटवलले दैनिक १८० जनालाई मात्र सेवा दिनसक्ने कोटा तोकेपछि उनीहरू आफ्नो काम लिन बिहानै लाइन लाग्न पुग्ने गरेका हुन । सेवाग्राहीकको संख्या धेरै भएकाले आफ्नो काम छिटोछरितो गराउन भनेर बिहानै इलाका प्रसासन कार्यालयमा लाइन लाग्न पुग्ने गर्दछन् ।

स्थायी घर गुल्मी भएकी हाल रूपन्देहीको तिलोत्तमा निवासी वर्षा भण्डारीले राष्ट्रिय परिचयपत्र बनाउन साढे ३ बजे उठेर ४ बजे इलाका प्रशासनको गेटमा आइपुगेको बताइन् । उनले सेवाग्राहीले सहजरूपमा सेवा पाउने व्यवस्था हुनुपर्ने माग गरिन् ।

बुटवल-९ का टीकाराम रिजालले बिहान साढे ५ बजे लाइन बसेर राष्ट्रिपरिचयपत्रको फाराम भरेको बताए । 'नागरिकता भएपछि राष्ट्रिय परिचयपत्र नभए पनि हुनुपर्ने हो तर सरकारले भनेपछि बनाउनै पऱ्यो,' उनले गुनासो गरे । बुटवलका बिभिन्न वडाबाट सेवा लिन आएका अन्य सेवाग्राहीले पनि आफ्नो काम नहोला भनेर बिहानै लाइन लाग्न आएको बताए ।

इलाका प्रसासन कार्यालयले राहदानी, नागरिकता तथा राष्ट्रिय परिचयपत्र बनाउन भीड लागेपछि दैनिक १८० जनाको मात्रा राष्ट्रिय परिचयपत्रको काम गर्ने गरिएको जनाएको छ । कार्यालयका सूचना अधिकारी विष्णुप्रसाद ज्ञवाली कार्यालयमा सेवाग्राहीको भीड बढेपछि कोटा प्रणाली लागू गरिएको बताउँछन् । वृद्ध, अपांगता भएका, अशक्त र गर्भवती महिलालाई भने कोटामा सीमित नगरिएको उनको भनाइ छ ।

टोकन प्रणाली लागू भएपछि पहिला आउने सेवाग्राहीले पहिले सेवा पाउने गरेका छन् । पहिला दुईवटा स्टेसनबाट सेवा दिँदै आएकोमा हाल तीन जनाले राष्ट्रिय परिचयपत्रको काम गरे पर्याप्त नभएको उनले बताए । कार्यालयमा अन्य विभिन्न प्रसासनिक कामका लागि पनि भीड लाग्ने गरेको छ । यहाँबाट बुटवल उपमहानगरका १९ वटा वडा, देवदह, सैवामैना नगरपालिका र छिमेकी पाल्मा जिल्लाको दक्षिण क्षेत्र तथा विभिन्न जिल्लाबाट आई बसोबास गरेकाहरूले परिचयपत्र बनाउने गरेका कारण सेवाग्राहीको चाप बढेको कार्यालयको भनाइ छ ।


PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालयः कमलपोखरी, काठमाण्डौ, फोन नं.: ०१-४५२३४३२/३४/३६

को

**केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी ७ (सात) दिने अत्यन्त जरुरी सूचना**

**(प्रकाशित मिति २०८२/०२/१२ गते)**

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरू समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग बबरमहल, काठमाण्डौंमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०६३/०४/१९ मा प्रा.फ.र.नं. ७५७००/०६३/६४ कायम भई दर्ता भएको काठमाण्डौं जिल्ला, का.म.न.पा वडा नं. २४ इन्द्रचोक स्थित **श्री हरिसिद्धि ट्रेडिङ्ग सेन्टर**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. राम चन्द्र माकजुको नाति, शिव चन्द्र श्रेष्ठ माकजुको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, धुलिखेल गा.वि.स./न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **सुनिल कुमार माकजु (ना.प्र.प.नं. ९९९७/१९२५, काभ्रेपलाञ्चोक)**
२. राम चन्द्र माकजुको नाति, शिव चन्द्र श्रेष्ठ माकजुको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, धुलिखेल गा.वि.स./न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **अशोक कुमार श्रेष्ठ (ना.प्र.प.नं. १९२७/७५७९५, काभ्रेपलाञ्चोक)**
३. राम चन्द्र माकजुको नाति, शिव चन्द्र श्रेष्ठ माकजुको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, धुलिखेल गा.वि.स./न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **अनिल कुमार श्रेष्ठ माकजु (ना.प्र.प.नं. ३४८३९/१५५१, काभ्रेपलाञ्चोक)**

**धितोमा रहेको सम्पत्तिको विवरण**

**गणेश मायाँ माकजु श्रेष्ठको** नाममा मालपोत कार्यालय, डिल्लीबजार, काठमाण्डौको लगतमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. २४ स्थित कित्ता नं. ५७७ को क्षेत्रफल ०-१-२-१ (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिग लगापात समेत।

**धितो लिलामी बिक्रीका शर्तहरु :**

१. बोलपत्र आवेदन फारम मिति २०८२/०२/१२ गते सोमबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागबाट प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।
३. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
४. शिलबन्दी बोलपत्र मिति २०८२/०२/१८ गते आइतबार कार्यालय समय भित्र यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।
५. शिलबन्दी बोलपत्र मिति २०८२०/०२/१९ गते सोमबार दिउँसो ४:०० बजे यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
६. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पत्ति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
७. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
८. धितो सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
९. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा सम्पर्क राखी बुझ्न सकिनेछ ।



**वेदकोट नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सिसैया, कञ्चनपुर**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आसय सम्बन्धि सूचना**

**प्रकाशित मितिः २०८१/०२/१२**

यस कार्यालयबाट मिति २०८१/१२/०३ मा प्रथम पटक प्रकाशित बोलपत्र आब्हान सम्बन्धि सूचना बमोजिम देहाय बमोजिमको कार्यमा पर्न आएका तपशिलमा उल्लेखित बोलपत्रदाताहरुको बोलपत्रहरु यस नगरपालिकाको बोलपत्र मूल्यांकन समितिले सार्बजनिक खरिद ऐन २०६३,नियमावली २०६४ बमोजिम मुल्यांकन गरि सिफारिस गरेबमोजिम तपशिलमा उल्लेखित बोलपत्रदाताहरुले न्यूनतम रुपमा कबोल गरेको बोलपत्र सारभूत रुपमा प्रभावाग्राही समेत रहेकोले सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बंधित सबैको जानकारीका लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशीत गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | फर्मको नाम | कबोल अंक | कैफियत |
|---|---|---|---|---|---|
| 1. | 22/NCB/G/MI/2081/082 | Procurement Supply and Delivery Of Medical Items For Bedkot Municipality | Chirag Pharmacy Pvt.Ltd, Ranipauwa Pokhara | रू. १२,४७,६६२।०९ (भ्याट र पी एस समेत) | |

**प्रमुख प्रशासकीय अधिकृत**

# प्रभाव दैनिक

रूपशाला

सोमबार, १२ जेठ, २०८२ (Monday, May 26, 2025)


## सुनिताको 'जाली रूमाल' सार्वजनिक

गायिका सुनिता ठगिमको स्वर रहेको गीत 'जाली रूमाल' सार्वजनिक गरिएको छ । श्रीमान् विदेसिएपछि श्रीमतीको मनमा उब्जने पीडारूपी भावनाहरु गीतको शब्दमा समेटिएका छन् । गीतमा शब्द तथा संगीत निलम रोजु राईको छ । गीतको एरेञ्ज मनोज थापाले गरेका हुन् । गीतको भिडियोमा उत्तम राई, अनुषा राई, अवि राई र सोवा तामाङको अभिनय छ ।



# चीनमा नेपाली संस्कृति प्रदर्शन

■ कमलकुमार बस्नेत



**गुइलिन (चीन)**– नेपाल-चीनबीच पर्यटन, कला तथा सांस्कृतिक प्रवर्द्धनका लागि यहाँ सांगीतिक तथा 'अवार्ड' कार्यक्रम आयोजना गरिएको छ । एसएमएस म्युजिक एण्ड इन्टरटेन्मेन्टको आयोजना तथा चङ्दोङ्सीगुइलिन फुक्सी एस्ट्रेट म्यानेजमेन्ट र गुइलिन एलाइट एजुकेसन कन्सल्टिङको सहआयोजनामा सम्पन्न तेस्रो एसएमएस नेपाल-चीन सांस्कृतिक संरक्षण तथा पर्यटन प्रवर्द्धन सम्मान तथा पुरस्कार, २०८१ गएराति सम्पन्न भएको हो ।

कार्यक्रममा नेपाल र चीनका विभिन्न कलाकारले आफ्नो प्रस्तुति दिएका थिए । नेपालकोतर्फबाट देविका बन्धन, कमल खत्री र राष्ट्रिय गतिशील कला समूहका कला समूहले कलाकारहरूले विशेष सांगीतिक प्रस्तुति दिएका भने चिनियाँ कलाकारहरूले पनि मौलिक नाच र गीत प्रस्तुत गरेका थिए ।

एसएमएस म्युजिक एण्ड इन्टरटेनमेन्टका अध्यक्ष सत्यकला तामाङ लामाले कार्यक्रम नेपाल र चीनबीचको मित्रता, संस्कृति, कला र पर्यटन प्रवर्द्धनको सेतु भएको बताइन् । उनले नेपालको पहिचान र आवाजलाई अन्तर्राष्ट्रिय मञ्चमा पुऱ्याउने हाम्रो उद्देश्य यही मञ्चबाट साकार हुँदै छ भन्ने आफूले महसुस गरिरहेको उल्लेख गरिन् । 'नेपाल र चीनका स्थानीय तहबीचको सहकार्य र सांस्कृतिक आदानप्रदानलाई अझ मजबुत् बनाउने हाम्रो यो प्रयास सामाजिक परिवर्तनतर्फको एक सकारात्मक पाइला हो,' उनले भनिन् ।

कार्यक्रममा सोलुखुम्बु थुलुङ दूधकोसी गाउँपालिकाका अध्यक्ष असिम राईले दुई देशबीचको सम्बन्ध लामो समयदेखि रही आएको उल्लेख गर्दै अरिनको र भृकुटीले नेपाल-चीनबीचको सम्बन्ध बलियो बनाउन इतिहासमा पुऱ्याएको योगदानको चर्चा गरे । 'कार्यक्रममा हाम्रो जनताको भावनाका आकांक्षाको प्रतिनिधित्व गर्न पाउनु मेरा लागि गर्व र सम्मानको विषय हो । नेपाल र चीनबीच केबल भौगोलिक मात्र होइन सदियौंदेखि ऐतिहासिक, धार्मिक र सांस्कृतिक सम्बन्धहरू छन् । प्राचीन बौद्ध विहारहरूदेखि लिएर आजका पूर्वाधार र पर्यटन साझेदारीसम्म हाम्रो मित्रता समयसँगै अझ बलियो, गहिरो र अर्थपूर्ण बन्दै गइरहेको छ,' उनले भने ।

> नेपाल र चीनबीच केबल भौगोलिक मात्र होइन सदियौंदेखि ऐतिहासिक, धार्मिक र सांस्कृतिक सम्बन्धहरू छन् । प्राचीन बौद्ध विहारहरूदेखि लिएर आजका पूर्वाधार र पर्यटन साझेदारीसम्म हाम्रो मित्रता समयसँगै अझ बलियो, गहिरो र अर्थपूर्ण बन्दै गइरहेको छ ।

कार्यक्रमका प्रमुख अतिथि गुइलिन संयुक्त मोर्चा कार्यविभागका मन्त्री ब्लाङ सिएन फिङले दुवैदेशबीचको यस कार्यक्रमले नागरिकस्तरमा पनि सम्बन्ध विस्तारमा थय सहयोग पुगेको बताए । त्यस अवसरमा गुइलिन सांस्कृतिक स्वयंसेवक संघका अध्यक्ष छन् । लिनबिन, गुइलिनको संयुक्त मोर्चा कार्य विभागकी उपनिर्देशक झाङ गाओलियन, गुइलिन सिटी ग्लोरी कज प्रमोसन एसोसिएसनका उपाध्यक्षः याङ युनवु, गुइलिन फुक्सी एसेट म्यानेजमेन्टका अध्यक्ष चेन होङसियान र लिजियाङ उद्धार केन्द्रका कप्तान मो गुआङफुलगायतको सहभागिता थियो ।

सगरमाथा आरोही मिङ्नाडेम्ब शेर्पाले हिमाल आरोहणको चर्चा गर्दै हिमाल आरोहणमार्फत पर्यटन प्रवर्द्धन गर्न सकिनेमा जोड दिए । उनले विश्वका आठ हजारभन्दा अग्ला विभिन्न हिमालको ३३ पटक सफल आरोहण गरेका छन् । कार्यक्रममा गायिका देविका वन्दनालाई एमरजिन सिंगर अवार्ड र गायक कमल खत्रीलाई उत्कृष्ट गायकको अवार्ड प्रदान गरिएको थियो ।

एसएमएस म्युजिक एण्ड इन्टरटेनमेन्टका प्रबन्ध निर्देशक थुप्तेनग्याल्बो मोक्तानले यस प्रकारका कार्यक्रमले देश नेपाल र चीनबीचको सांस्कृतिक सम्बन्ध, मित्रता र पर्यटन प्रवर्द्धनका लागि समर्पित रहेको बताए । 'हाम्रो देशको संगीत सम्पदा, कला र संस्कृतिले यस अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत गरिरहेका छौं, जसले दुवै देशबीचको आपसी समझदारीले अझ प्रगाढ बनाउने विश्वास लिएको छ,' उनले भने । *रासस*

# दोस्रो हप्तामा 'के घर के डेरा : घर नं २'



**काठमाडौं (प्रस)**– दोस्रो सातामा प्रदर्शन भइरहेको चलचित्र 'के घर के डेरा : घर नं २' उच्च अकुपेन्सीमा चलिरहेको छ । शुक्रबारबाट यो सिनेमा दोस्रो हप्तामा प्रदर्शन भइरहेको छ ।

पहिलो हप्ताभन्दा दोस्रो हप्तामा 'के घर के डेरा : घर नं २'लाई दर्शकको उच्च साथ मिलेको निर्माणपक्षको भनाइ छ । शुक्रबार र शनिबार अधिकांश शो हाउसफुल भएका थिए ।

सकारात्मक वर्ड अफ माउथका कारण दर्शकको संख्या बढेको निर्माणपक्षले बताएको छ । दर्शकले 'के घर के डेरा : घर नं २' आफैंले देखेको र भोगेको कथा भएको बताएका छन् । आम नेपालीले भोगिरहेको विषयलाई सिनेमाले उठान गरेको 'के घर के डेरा : घर नं २'ले उठान गरेको भन्दै दर्शकले तारिफ गरिरहेका निर्माणपक्षले बताएको छ ।

यस चलचित्रको कथा साहित्यकार बुद्धि सागरले लेखेका हुन् । दीपेन्द्र के खनालको निर्देशन रहेको चलचित्रमा खगेन्द्र लामिछाने, निश्चल बस्नेत, आर्यन सिग्देल, केकी अधिकारी, उपासना सिंह ठकुरी, प्रकाश घिमिरे, सिर्जना नापित, संजोग रसाइली, रुविना घिमिरे, सुरज विष्टलगायत कलाकारलगायतको अभिनय रहेको छ ।

'के घर के डेरा : घर नं २' चलचित्र एप्पल इन्टरटेन्मेन्ट, ए प्लस इन्टरटेन्मेन्ट तथा नटराज क्रिएसनको प्रस्तुतिमा निर्माण भएको हो । कृष्णबहादुर थापाको छायांकन रहेको सिनेमाको कार्यकारी निर्माताको रूपमा युवराज कार्की छन् । निर्माताका रूपमा नकिम उद्दिन, शरद श्रेष्ठ र किरण महर्जन रहेका छन् ।

## रंगशाला

### यु-१६ सुदूरपश्चिम छनोट

# कैलाली र कञ्चनपुर विजयी

■ प्रभाव संवाददाता

**बैतडी**– एसिसी मेन्स यु-१६ इस्ट जोन कप २०२५ को सुदूरपश्चिम छनोटअन्तर्गत समूह 'बी' का आइतबार भएका खेलमा कैलाली र कञ्चनपुर विजयी भएका छन् ।

पहिलो खेलमा कैलालीले अछाममाथि ७१ रनको जित निकाल्यो । जितका लागि पाएको ११९ रनको लक्ष्य पछ्याएको अछामले १२ दशमलव पाँच ओभरमा ४७ रनमात्र बनायो । उसका लागि अनिल रावतले सर्वाधिक १६ रन बनाउनुबाहेक अन्य ब्याटरले दोहोरो अंकमा रन जोड्न सकेनन् ।

कैलालीका सुबोध तिवारी र रुद्रप्रसाद आचार्यले तीन-तीन विकेट लिए । सुबोध 'प्लेयर अफ दि म्याच' समेत चुनिए ।

यसअघि पहिला ब्याटिङ गरेको कैलालीले निर्धारित २० ओभरमा आठ विकेटको क्षतिमा ११८ रन बनाएको थियो । उसका लागि ब्रिजेश चौधरीले २६ र अविरल विकले २५ रन बनाए । बलिङतर्फ रविन भण्डारीले तीन विकेट लिए ।

आइतबार नै सम्पन्न अर्को खेलमा कञ्चनपुरले दार्चुलालाई १११ रनले हरायो । कञ्चनपुरले दिएको १७० रनको विजय लक्ष्य पछ्याएको दार्चुला १५ दशमलव चार ओभरमा ५८ रनमा अलआउट भयो । उसका लागि विकास कुँवरले १४ र निश्चल अवस्थीले १३ रन बनाए ।

बलिङतर्फ कञ्चनपुरका मनिष चन्दले चार र निरजसिंह कार्कीले तीन विकेट लिए । त्यसअघि पहिला ब्याटिङ गर्दै कञ्चनपुरले आयुष चन्दको ३८ रनको मद्दतमा २० ओभरमा १६९ रन बनायो । बलिङतर्फ दार्चुलाका निश्चल अवस्थी र लवराज जोशीले दुई-दुई विकेट लिए । सुदूरपश्चिम प्रादेशिक क्रिकेट संघको आयोजना यही जेठ ८ गतेदेखि सुरु भएको प्रतियोगितामा सुदूरपश्चिमका आठ जिल्लाको सहभागिता रहेको छ ।

# सूर्यविनायक नगरपालिका च्याम्पियन

**भक्तपुर (प्रस)**– बागमती प्रदेशस्तरीय आमन्त्रण मेयर कप कराते प्रतियोगितामा सूर्यविनायक नगरपालिका पाँच स्वर्ण र एक रजत पदकसहित च्याम्पियन बनेको छ ।

प्रतियोगितामा गोकर्णेश्वर नगरपालिकाले तीन स्वर्ण, एक रजत र तीन कास्यसहित सात पदक जित्दै दोस्रो स्थान हासिल गऱ्यो । काठमाडौं महानगरपालिका दुई स्वर्ण, एक रजत र पाँच कास्यसहित तेस्रो बन्यो ।

पुरुषतर्फ गोदावरी नगरपालिकाका राज ब्लोन र महिलातर्फ साँगाचोकगढी नगरपालिकाकी आशिका तामाङ उत्कृष्ट खेलाडी भएको सितोरियो करातेका प्रशिक्षक सचितानन्द बनेपालीले जानकारी दिए । प्रतियोगिता सूर्यविनायक नगर सितोरियो कराँते संघको आयोजनामा भएको हो । सूर्यविनायक नगरपालिकाको विशेष प्रायोजन रहेको प्रतियोगिता भक्तपुरमा जेठ ९ र १० गते सञ्चालन गरिएको थियो ।


## कुवेतमा रोजगार — कम्पनी : Clock Restaurant Company

पूर्व स्वीकृति मिति : २०८१/०८/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/११ | LT. No. 314677 | चलानी नं. ६०२२८९७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Chef | 23 | 0 | 130 | ५७,७४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १९ गते (2nd Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

## युएइमा रोजगार — कम्पनी : LULUT AL GAZA TECHNICAL SERVICES EST.

पूर्व स्वीकृति मिति : २०८२/०२/०९ | LT. No. 324407 | चलानी नं. ६०२३८३७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Finishing Carpenter | 5 | 0 | 1200 | ४४,४८१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Gypsum Carpenters | 4 | 0 | 1200 | ४४,४८१ | | | | | | | |
| 3 | Helper | 1 | 0 | 1000 | ३७,०६७ | | | | | | | |
| 4 | Masons/Plumbers/Painters | 2 | 0 | 1200 | ४४,४८१ | | | | | | | |
| 5 | Painter Assistant | 2 | 0 | 1200 | ४४,४८१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १९ गते (2nd June 2025) मा हुनेछ ।

सेवा शुल्क: नि:शुल्क

OCTOPUS RECRUITMENT PVT.LTD
Buddha Nagar, New Baneshwor, Kathmandu, Nepal, Tel : 1-4790666/ 01-4790655,
Email: octopusre@gmail.comWeb: www.octopusrecruitment.com
श्रम इजाजत नं. ९७५/०६७/०६८

## साउदीमा रोजगार — कम्पनी : AYANA CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०२/१० | LT. No. 324492 | चलानी नं. ६०२३८३९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 2 | 0 | 1000 | ३६,२९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Ghada Salem Al-Anzi Foundation

पूर्व स्वीकृति मिति : २०८२/०२/१० | LT. No. 324514 | चलानी नं. ६०२३८३९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista (Coffee maker) | 3 | 0 | 1500 | ५४,४४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MESMA COMPANY FOR PROVIDING MEALS

पूर्व स्वीकृति मिति : २०८१/०५/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/११ | LT. No. 309979 | चलानी नं. ६०२२४६३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1200 | ४३,९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १९ गते (2nd June 2025) मा हुनेछ ।

सेवा शुल्क: १०,०००/-

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## साउदीमा रोजगार — कम्पनी : Fal Suhail Trading Establishment

पूर्व स्वीकृति मिति : २०८२/०२/१० | LT. No. 324511 | चलानी नं. ६०२३८४२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADER & UNLOADER LABOR | 1 | 0 | 1100 | ४०,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १९ गते (2nd Jun. 2025) मा हुनेछ ।

सेवा शुल्क: १०,०००

G.R. INTERNATIONAL EMPLOYMENT PVT. LTD.
Samakhusi-29, Kathmandu, Bagmati Tel : +977-1-4989945
Mobile No: 9841866145, E-mail: gremploymentnepal@gmail.com
श्रम इजाजत नं. १०१५/०६८/६९

## कतारमा रोजगार — कम्पनी : QATAR CARE

पूर्व स्वीकृति मिति : २०८०/०६/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/११ | LT. No. 293063 | चलानी नं. ६०२०२७२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Caregiver | 0 | 10 | 2200 | ८४,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Nurse | 0 | 40 | 4200 | १६१,२७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १९ गते (2nd Jun. 2025) मा हुनेछ ।

सेवा शुल्क: नि:शुल्क

INTERNATIONAL TRADE LINKS RECRUITMENT PVT. LTD.
(The Centre Overseas Pvt. Ltd.(THE CENTER OVERSEAS CONCERN PVT.LTD))
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806
श्रम ईजाजत नं. ०८५/०५३/०५४

## युएइमा रोजगार — कम्पनी : AL WAFA STAR CLEANING & SECURITIES SERVCES

पूर्व स्वीकृति मिति : २०८१/१०/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/२३ | LT. No. 324366 | चलानी नं. ६०२३८३९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper/Cleaner | 100 | 100 | 900 | ३३,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख ३१ गते (14th May 2025) मा हुनेछ ।

सेवा शुल्क: नि:शुल्क

Humour Overseas Pvt. Ltd.
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com
श्रम ईजाजत नं. ७७७/०६५/०६६

## युएईमा रोजगार — कम्पनी : Pine Pack Timbers

पूर्व स्वीकृति मिति : २०८२/०२/११ | LT. No. 324477 | चलानी नं. ६०२३८४४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 3 | 0 | 1200 | ४४,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Painter | 1 | 0 | 1200 | ४४,४८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १९ गते (2nd Jun. 2025) मा हुनेछ ।

सेवा शुल्क: नि:शुल्क

MARHABA INTERNATIONAL OVERSEAS PVT.LTD.
Govt.Lic. No- 1734/081/082
Kathmandu-32, Koteshwor, Nepal, T: 01-5924220
E:- marhabaoverseas@gmail.com, Web: marhabaoverseas.com

## युएइमा रोजगार — कम्पनी : Aroma International Building Contracting L.L.C

पूर्व स्वीकृति मिति : २०८१/११/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/११ | LT. No. 318663 | चलानी नं. ६०२३३१७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 52 | 0 | 800 | २९,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Steel Fixer/Shuttering Carpenter | 144 | 0 | 1200 | ४४,४८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १९ गते (2nd Jun. 2025) मा हुनेछ ।

सेवा शुल्क: १०,०००

NOVA INTERNATIONAL PVT. LTD.
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np
श्रम ईजाजत नं. १०१९/०६८/०६९

## मलेसियामा रोजगार — कम्पनी : HENRITEX SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/०२/११ | LT. No. 324474 | चलानी नं. ६०२३८४२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Operator (Semi-skilled) | 50 | 0 | 1700 | ५४,७९५ | दैनिक ४ घण्टा | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १९ गते (2nd Jun. 2025) मा हुनेछ ।

सेवा शुल्क: नि:शुल्क

ONE STOP HR SOLUTIONS PVT. LTD.
Pinglashthan-09, Gaushala, Kathmandu, Nepal, Cell: 9851341893/94
Tel: +977-01-5915892, Email: onestophrsolution080@gmail.com, Web: www.onestophrsolution.comnp
श्रम ईजाजत नं. १५३०/०७७/७८

# अन्तरिम नेता युनुसद्वारा राजनीतिक दलसँग वार्ता आह्वान

**ढाका–** बंगलादेशका अन्तरिम नेताले एकता निर्माण गर्न र तीव्र राजनीतिक शक्ति संघर्षलाई शान्त पार्न आइतबार विभिन्न दलसँग 'म्याराथुन वार्ता' आह्वान गरेका छन् । नोबेल शान्ति पुरस्कार विजेता ८४ वर्षीय मोहम्मद युनुसले निर्वाचन नहुञ्जेलका लागि कामचलाउ सरकारको प्रमुख सल्लाहकारको रूपमा सरकारको नेतृत्व गरिरहेका छन् ।



करिब १७ करोड जनसंख्या भएको दक्षिण एसियाली राष्ट्र बंगलादेशमा सन् २०२४ को अगस्टमा पूर्वप्रधानमन्त्री शेख हसिनालाई विद्यार्थी नेतृत्वको विद्रोहले सत्ताच्युत गरेपछि राजनीतिक उथलपुथल मच्चिएको छ । यस महिना सरकारको विरोधमा उत्रिएका प्रमुख राजनीतिक दललगायत अन्य राजनीतिक दलसँग शनिबार साँझ अबेरसम्म चलेको बैठकपछि यो वार्ता बोलाइएको हो ।

उनका प्रेससचिव शफिकुल आलमले एएफपीसँग भने, 'मुख्य सल्लाहकार प्राध्यापक मोहम्मद युनुसले आइतबार विभिन्न दलका नेतासँग भेटवार्ता गर्नुहुने छ ।' बंगलादेशमा ५४ वटा राजनीतिक दल दर्ता भएका छन्, जसमा हाल प्रतिबन्धित पूर्वनेता हसिनाको अवामी लिग समावेश छैन । यस चरणको वार्तामा कति दललाई आमन्त्रण गरिएको छ भन्नेबारे आलमले केही खुलाएनन् ।

### 'संकट जारी'

इस्लामवादी खेलफात-ए-मजलिस पार्टीका नेता मामुनुल हकले जारी संकटका विषयमा केन्द्रित हुनेगरी आफू छलफलमा सहभागी हुन लागेको पुष्टि गरे । लिबरल गानोसाम्हाटी एण्डोलोन पार्टीका जोनेद साकीले आफू पनि सहभागी हसने बताए ।

राजधानी ढाकाको सडकमा प्रतिद्वन्द्वी दलहरूले प्रदर्शन गरेको एक हप्तापछि युनुसको नेतृत्वमा रहेको सरकारले शनिबार राजनीतिक शक्ति संघर्षले हासिल गरेको उपलब्धिलाई खतरामा पार्ने खतरा रहेको चेतावनी दिएको छ । 'राष्ट्रिय स्थिरता कायम गर्न, स्वतन्त्र र निष्पक्ष निर्वाचन, न्याय र सुधारको आयोजना गर्न र देशमा अधिनायकवादको पुनरागमनलाई स्थायी रूपमा रोक्न व्यापक एकता आवश्यक छ,' विज्ञप्तिमा भनिएको छ ।

सन् २०२४ को अगस्टमा आन्दोलनकारीको इसारामा निर्वासनबाट फर्केका माइक्रोफाइनान्सका अग्रज युनुसले सन् २०२६ को जुनसम्ममा हुने भनिएको निर्वाचनअघि नै लोकतान्त्रिक सुधार लागू गर्नु आफ्नो कर्तव्य भएको बताएका छन् । कामचलाउ सरकारले विभिन्न सुधार आयोगहरू गठन गरेर सिफारिसहरूको लामो सूची तयार पारेको छ र अहिले राजनीतिक दलहरूको समर्थन खोजिरहेको छ ।

युनुसले पछिल्लोपटक फेब्रुअरी १५ मा बंगलादेशको लोकतान्त्रिक प्रणालीमा आमूल परिवर्तन गर्ने प्रयासबारे छलफल गर्न सर्वदलीय बैठक आयोजना गरेका थिए र केही दलले सम्पर्कको अभावमा निराशा व्यक्त गरेका थिए । सरकारले शनिबारको एक बैठकमा 'अनुचित मागहरू, जानाजानी उत्तेजक र क्षेत्राधिकारभन्दा बढी भनाइहरू' सामना गर्नुपरेको छ, जसले यसको काममा 'लगातार अवरोध' गरिरहेको छ ।

युनुसले राजीनामा दिने चेतावनी दिएका थिए तर उनको क्याबिनेटले उनले तत्काल राजीनामा दिन नहुने बताएको युनुसको कार्यालय स्रोत र एक प्रमुख राजनीतिक सहयोगीले बिहीबार बताएका थिए । युनुसले शनिबार आगामी निर्वाचनमा मुख्य दावेदारका रूपमा हेरिएको प्रमुख दल बंगलादेश नेसनलिस्ट पार्टी (बिएनपी) सँग भेट गरेका थिए । बिएनपीले डिसेम्बरमा चुनाव गर्न कडा दबाव दिइरहेको छ । *रासस/एएफपी*

# रुसी आक्रमणमा १२ युक्रेनीको मृत्यु

**किएभ, युक्रेन–** युक्रेनमा आइतबार राति भएको रुसी आक्रमणमा परी कम्तीमा १२ जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन् । युक्रेनको आपत्कालीन सेवाले राजधानी किएभसहित युक्रेनी विभिन्न भूभागमा रुसले लगातार दोस्रो रात ठूलो हवाई आक्रमण गरेको छ । युक्रेनले आक्रमणलाई 'आतंकको रात' भनेको छ ।



सन् २०२२ को फेब्रुअरीमा मस्कोले पूर्णरूपमा आक्रमण सुरु गरेयता दुवै पक्षले सबैभन्दा ठूलो कैदी आदानप्रदान गरेको र संयुक्त राज्य अमेरिकाले तीन वर्ष पुरानो युद्ध रोक्न युद्धविरामको मध्यस्थता कोसिस गरिरहेको बेला यी आक्रमणहरू भएका हुन् । रुसको पछिल्लो आक्रमणमा आठ र १२ वर्षका दुई बालबालिका र उत्तरपश्चिमी क्षेत्र झितोमिरमा १७ वर्षीय एक किशोरको मृत्यु भएको अधिकारीहरूले बताएका छन् ।

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले सामाजिक सञ्जालमा भनेका छन्, 'रुसी नेतृत्वमाथि कडा दबाब बिना यो क्रूरता रोक्न सकिँदैन ।'

'निश्चित रूपमा प्रतिबन्धले रूसी आक्रमण नियन्त्रण गर्न र रूसलाई युद्धविरामका लागि दबाब दिन मद्दत गर्नेछ,' उनले संयुक्त राज्य अमेरिका, युरोपेली देश र 'शान्ति चाहने विश्वभरका सबैलाई' मस्कोलाई युद्ध रोक्न 'दृढता' देखाउन आह्वान गरे । युक्रेनको सेनाले आइतबार बिहान ४५ वटा रुसी क्षेप्यास्त्र र २६६ वटा आक्रमणमा प्रयोग गरिएका ड्रोन खसालेको जनाएको छ ।

यसैबीच, रुसले शनिबार राति र आइतबार बिहान गरी ११० वटा युक्रेनी ड्रोन खसालेको जनाएको छ । युक्रेनको पश्चिमी खमेल्निट्स्की क्षेत्रमा चारजना, किएभ क्षेत्रमा चारजना र दक्षिणमा माइकोलाइभमा एक जनाको मृत्यु भएको छ । आपत्कालीन सेवाका अनुसार किएभ क्षेत्रमा तीन बालबालिकासहित १६ जना घाइते भएका छन् ।

अवकाशप्राप्त ६५ वर्षीया महिला तेतियाना इयान्कोभस्काले किएभको दक्षिणपश्चिममा रहेको मखालिभका गाउँमा एएफपीसँग भनिन्, 'हामीले सडकमा पूरै आगो लागेको देखेका थियौं ।'

आक्रमणबाट बच्न सफल अर्का अवकाशप्राप्त ६४ वर्षीय ओलेस्कान्दरले युद्धविरामका विषयमा हुने वार्तामा आफूलाई विश्वास नभएको बताए । उनले भने, 'हामीलाई वार्ताको आवश्यकता छैन, तर उनीहरूलाई (रुसीहरूलाई) रोक्न धेरै हतियार चाहिएको छ । रुसले बलमात्र बुझ्छ, अरु केही बुझ्दैन ।'

### कैदी आदानप्रदान जारी राखिने

युक्रेनी अधिकारीहरूका अनुसार रुसले शुक्रबार राति १४ वटा ब्यालेस्टिक क्षेप्यास्त्र र २५० वटा ड्रोन प्रहार गरेको र यसबाट १५ जना घाइते भएका थिए । जेलेन्स्कीले भने, 'बढ्दो शत्रुताको बाबजुद, उनले मे १६ मा इस्तानबुलमा वार्ताको क्रममा सहमति भएको कैदी आदानप्रदान जारी राखिने छ ।'

किएभ र मस्कोमा जारी गरिएको घोषणाअनुसार शनिबार ३०७ जना रुसी युद्धबन्दीको बदलामा सोही संख्यामा युक्रेनी सैनिकको आदानप्रदान भएको छ । दुवै पक्षले शुक्रबार पहिलो चरणमा ३९० जनालाई स्वागत गरेका थिए । उनीहरूले कूल एक हजार कैदी रिहा गर्ने सहमति भएको र सहमतिअनुसार उनीहरूको आदानप्रदान हुने बताए । *रासस/एएफपी*

**हाईपुट प्रा.लि (लिक्विडेसन) सम्बन्धमा हकदाबी गर्न आउने बारे सूचना**

कम्पनी ऐन २०६३ बमोजिमको मिति २०७५/०८/०७ मा दर्ता भएका २०२९५८/०७५/०७६ को दर्ता मिति २०७५/०८/०७ को हाईपुट प्रा.लि लाई खारेजी लिक्वीडेसन) मा लैजाने कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम मिति २०६५/०२/०५ गतेको विशेष साधारण सभाले निर्णय गरेकोले तिर्नु व्यहोर्नु पर्ने ऋण धन एवं कोहि कसैको कुनै किसिमको लेनदेन, बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सब्द प्रमाण सहित सूचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्र निम्न लिखित लिक्वीडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

रमेश हरि अधिकारी, लिक्विडेटर
दामासाही प्र.प.नं. -५४७/मोवाइल नं. ९८४२६३८३६७

**फोहोर व्यवस्थापनको लागि मेसिन खरिद सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२।०२।१२ गते**

प्रस्तुत विषयमा यस कार्यालयको बार्षिक कार्यक्रम अन्तर्गत फोहोर व्यवस्थापनको लागि मेसिन खरिद गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरीएको छ । इच्छुक संघ, संस्था, फर्म वा कम्पतीले यो सूचना प्रकाशित मितिले १५ दिन भित्रमा बोलपत्र फारम डि.व.का, काठमाडौंबाट खरिद गरी यसै कार्यालयमा १६ औं दिन दिउसो ११:०० बजे भित्र शिलबन्दी वोलपत्र दाखिला गर्न सूचित गरिन्छ । बिस्तृत सूचना र थप जानकारीको लागि कार्यालयमा सम्पर्क राख्नु हुन समेत सूचित गरिन्छ ।

तपसिल

| कार्यक्रमको नाम | बजेट रु (VAT सहित) |
|---|---|
| फोहोर व्यवस्थापनको लागि waste management machine खरिद बुढानिलकण्ठ २ काठमाडौं | १४,४०,००० |

डिभिजन वन कार्यालय, काठमाडौं
सम्पर्क नं. ०१-४५४४९४८

**Division Forest Office, Rapti**
**Manahari, Makawanpur**

**Notice of Intention to Award the Contract**

**Date of Publication: May 26,2025**

This is to notify to all the concerned that, it is our intention to award the contract to the following bidder selected as substantially responsive lowest evaluated bid with respect to the following contract ID and Name. The Notice is being published for the provision of clause no. 27(2) of Public Procurement act, 2063 of Nepal.

| S. N | Contract ID and Name | Selected Bidder's Name and Adress | Evaluation Bid Price (Inclusive Vat and PS) |
|---|---|---|---|
| 1 | **MOFE/DFORAPTI/WORKS/NCB/02/2081/082** Construction of Sub Division Building, Manahari | Nidhyana-Shaswat J/V, Hetauda-11 | 17513707.94 |

**साउदीमा रोजगार** कम्पनी : AYANA CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०२/१० LT. No. 324492 चलानी नं. ६०२३८३९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 2 | 0 | 1000 | ३६,२९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १९ गते (2nd June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

YOUNG MANPOWER PVT.LTD.
Gaushala-9, Kathmandu, Nepal, Tel: +977-1-4583814, 4583815 , 4583816
E-mail : youngmanpower123@gmail.com, Web: https://www.youngmanpower.com.np/
Govt. License No. 1047/073/74

**भीमदत्त नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कञ्चनपुर**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रथम पटक प्रकाशित मिति -२०८२।०२।१२)**

प्रस्तूत विषय सम्बन्धमा यस कार्यालयको २०८२।०१।२४ गते प्रकाशित बोलपत्र सूचना अनुसार तपसिल बमोजिका बोलपत्र न्यूनतम् मूल्यांकित तथा सारभूत रुपमा प्रभावग्राही भई नगरपालिकाको बोलपत्र मूल्यांकन समितिको वैठकको निर्णयबाट स्वीकृतिका लागि छनौट भई सिफारिस भएको सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ (१) प्रयोजनका लागि सम्बन्धित सबैका जानकारीका लागि ७ दिने सूचना प्रकासित गरिएको छ । सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ सबै बोलपत्रदाताहरु लाइ समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल:**

| ठेक्का नं. | ठेक्का विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र PS items बाहेक) |
|---|---|---|---|
| 78/RTW/ NCB / 2081/082 | Gabion Structure Construction Work for River Training Works ( Different Area Of Bheemdatt municipality, Ward no. 4, 5, 7 & 18 ) | श्री रक्षा कन्सट्रक्सन, भी.न.पा.१९, कञ्चनपुर । | रू. २२,५६,९८०।०० |

**WorldLink**

**Request for Sealed Financial proposal to purchase Scrap materials**

Date of first publication *Jestha 12, 2082 (26th May, 2025)*

WorldLink Communications Limited has scrap materials in its storage yard located in different locations all over Nepal. Eligible parties interested to purchase the scrap materials on "As it is. Where it is" basis are requested to submit their sealed financial proposal.

- Interested parties should inspect the scrap materials at their own cost.
- A detail list of the items of scrap of various items shall be provided to the bidders who shall be allowed to inspect the same at site.
- Interested parties to bear all the expenses like loading/unloading, transportation and any applicable government taxes and duty as applicable.
- Interested parties should submit sealed financial proposal along with valid company registration documents to the following address within 10 days after material inspection date.
- The bid should be submitted in the prescribed Bid form at World Link Communications Ltd.
- Please contact the following office for detail information or any inquiry.

WorldLink Communications Limited
Jawalakhel,Lalitpur, Nepal.
Contact No.: 9801800582
Email Address: procurement@worldlink.com.np

**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १३ अंक ३० जेठ १० गते २०८२ मा प्रकाशित **Himalayan Human Resources Nepal Pvt. Ltd.** को **SERVEU** कम्पनीको Lot No. 324081 विज्ञापनमा श्रम ईजाजत नं. ४५१/०६०/०६१ हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

HIMALAYAN HUMAN RESOURCES NEPAL PVT. LTD.
Basundhara Chowk-8,Tokha, Kathmandu, Nepal, Tel: 01-4354342, Cell: +977 9823348542,
E-mail : hrnhimalayan@gmail.com, Web: www.hrnhimalayan.com

**वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर**

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । बीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोन: ०१-४२७६५३०, फयाक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १९१८०० | प्रति तोला – ० | प्रति तोला – २००५ |



**जौ काट्दै किसान** | जुम्लाको तातोपानी गाउँपालिका-३ स्थित लाछु जिउलोमा जौ काट्दै गरेका किसान र जौ काटिसकेको जमिनमा चर्दै गरेका गाईवस्तु । *तस्बिर: विजय रावत/रासस*

## पर्वतीय पर्यटनको एकीकृत विकासमा पर्यटनमन्त्रीको जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले मुलुकको आर्थिक समृद्धिको महत्त्वपूर्ण आधार पर्यटन भएकाले यसको विकास र प्रवर्द्धनका लागि समन्वयतात्मक ढंगले अघि बढ्नुपर्नेमा जोड दिएका छन् ।

गणतन्त्र दिवस-२०८२ को सन्दर्भमा राष्ट्रिय समाचार समिति (रासस) ले आयोजना गरेको 'पर्वतीय पर्यटन: हाम्रो शान, हाम्रो पहिचान' तस्बिर प्रदर्शनीको आइतबार उद्घाटन गर्दै उनले पर्यटनका क्षेत्रबाट मुलुकमा समृद्धि हासिल हुनेगरी नीतिगत र संरचनागत सुधार गर्दै जानुपर्ने आवश्यकता औंल्याए ।

पर्यटनमन्त्री पाण्डेले नेपालको आर्थिक समृद्धिमा पर्यटन क्षेत्रको महत्त्वपूर्ण योगदान रहेको चर्चा गर्दै पर्वतीय पर्यटनको एकीकृत विकासलाई समन्वयात्मक किसिमले विकास गर्न जरुरी भएको बताए । विश्वको सर्वोच्च शिखर सगरमाथालगायत हिमालको ब्राण्डिङ र प्रचारका लागि नीतिगत रूपमा अघि बढ्नुपर्ने अपरिहार्यता रहेको उल्लेख गरे ।

मन्त्री पाण्डेले भने, 'नेपाल भौगोलिक, प्राकृतिक र अनुपम सांस्कृतिक विविधतायुक्त मात्रै नभई यहाँका अद्वितीय साहसिक गन्तव्यका रूपमा रहेका



हिमालहरूको 'ब्राण्डिङ' गरेर विश्वकै आकर्षक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नु अपरिहार्य छ । प्रदर्शित तस्बिरले पर्यटन विकासका साथै नेपालमा केही भइरहेको छ, भन्ने सन्देश प्रवाह गर्न पनि मद्दत पुग्ने विश्वास लिएको छु ।'

नेपालमा अनुपम र अद्वितीय पर्यटकीय ठाउँहरू छन् । प्राकृतिक र भौगोलिक विविधताले सम्पन्न हाम्रा प्राकृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्दै पर्यटकलाई आकर्षण गर्न सरोकार भएका निकाय र मन्त्रालयबीच प्रभावकारी समन्वय र सहकार्य जरुरी रहेको उनले बताए ।

मन्त्री पाण्डेले एकीकृत पर्यटन विकासका लागि अन्तरसरोकार भएका निकाय र मन्त्रालयबीच प्रभावकारी समन्वय जरुरी रहेको औंल्याए । उनले पर्यटकीय गन्तव्यको प्रवर्द्धन र पूर्वाधार विकासमा मन्त्रालयले विशेष योजना बनाएर अघि बढ्ने विश्वास व्यक्त गरे ।

मन्त्री पाण्डेले राससले समाचार सेवासहित तस्बिर प्रदर्शनी गरेर महत्त्वपूर्ण भूमिका निर्वाह गरेको जनाउँदै पछिल्लोपटकको फोटो प्रदर्शनीले सरोकार भएका मन्त्रालय र निकायलाई सचेत गराएको बताए । यसअघि पर्यटनमन्त्री पाण्डेले फोटो प्रदर्शनीको अवलोकन गरेका थिए । नेपालका आठ हजार मिटर अग्ला र त्यो भन्दा होचा, चर्चामा रहेका हिमाल, हिमाली क्षेत्रको जनजीवन, पर्वतीय शृंखलामा पुगेका विदेशी उच्चपदस्थ व्यक्ति, पर्वतीय शृंखला, पहाडी क्षेत्रमा रहेका पर्वतीय गन्तव्य, ताल, पोखरीलगायत विषयमा खिचिएका तस्बिरलाई प्रदर्शनीमा राखिएका छन् ।

राससका समाचारदाताहरूले खिचेका र राससको बुलेटिनमा प्रकाशित भएका करिब १०० वटा तस्बिरबाट नेपालको पर्वतीय पर्यटनलाई चिनाउने प्रयास गरिएको राससले जनाएको छ ।

## ग्वार्कोमा निर्माणधीन फ्लाइओभर जेठ अन्त्यसम्ममा तयार हुने





■ प्रभाव संवाददाता

**काठमाडौं–** ललितपुरको ग्वार्कोमा निर्माणाधीन फ्लाइओभर यही जेठ अन्त्यसम्ममा सम्पन्न हुने बताइएको छ । भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले आइतबार फ्लाइओभर निर्माण क्षेत्रको स्थलगत निरीक्षणपछि यस्तो बताएका हुन् ।

उनले बाँकी काम यथाशीघ्र सम्पन्न गर्न निर्माण कम्पनीलाई निर्देशन दिए । जेठभरिमा निर्माण सम्पन्न भएलगत्तै फ्लाइओभरबाट सवारीसाधन सञ्चालनको तयारी गरिने उनले बताए । 'अब पनि ढिलाइ गर्ने छुट छैन,' मन्त्री दाहालले भने, 'परिस्थितिबाहिरको प्राकृतिक विपद् नआएमा जेठको अन्त्यसम्ममा सवारीसधान सञ्चालनको तयारी गर्नुपर्छ । यो एउटा प्रतीक्षाको आयोजना भएकाले यथाशीघ्र सञ्चालन गर्नुपर्ने छ ।'

फ्लाइओभरअन्तर्गत ३५ मिटर स्पानको चार लेन प्रिकास्ट ग्रिडर पुलसहित एप्रोच सडक तथा कालोपत्र निर्माण भइरहेको छ । फ्लाइओभरमा ट्राफिक लाइट जडानको कार्य पनि हुने जानकारी दिइएको छ ।

अनुगमनका क्रममा मन्त्रालयका सचिव केशवकुमार शर्माले निर्माणका क्रममा केही प्राविधिक समस्या देखिएको बताउँदै ती समस्या समाधान भइसकेका जानकारी दिए । सडक विभागका महानिर्देशक रामहरि पोखरेलले राजधानीको सवारी व्यवस्थापनका लागि ग्वार्को फ्लाइओभर महत्त्वपूर्ण योजनाका रूपमा रहेकाले यसलाई प्राथमिकताका साथ सम्पन्न गर्नुपर्ने धारणा राखे ।

सडक विभागको गुणस्तर अनुसन्धान तथा विकास केन्द्रका प्रमुख दीप बराहीका अनुसार भौतिक पूर्वाधारको मुख्य काम सकिएको छ । हाल आवश्यक भागमा कालोपत्र भइरहेको छ । २०८० फागुन ११ गते सम्पन्न गर्नेगरी १७ करोड छ लाख ८८ हजार रूपैयाँको लागतमा निर्माण सुरु भएको फ्लाइओभर निर्धारित समयमा सम्पन्न नभएपछि म्याद थप भएको थियो ।

### ठूला योजना सम्पन्न गराउन मन्त्री दाहालको ताकेता

भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले मन्त्रालयमार्फत सुरु भएका काठमाडौंका मुख्य योजनाहरू पूरा गराउन ताकेता बढाएका छन् । संघीय राजधानीभित्रका महत्त्वपूर्ण मानिएका आयोजनाहरूको स्थलगत निरीक्षण गर्दै उनले छिटो सम्पन्न गर्न निर्देशनसमेत दिएका छन् ।

मन्त्रालयको प्रशासनिक तथा प्राविधिक नेतृत्वसहित मन्त्री दाहालले आइतबार विभिन्न पूर्वाधार योजनाको निरीक्षण गरे । उनीसहित मन्त्रालयको टोलीले ग्वार्को तथा थानकोटमा निर्माणाधीन फ्लाइओभर र नागढुंगा सुरुङको निरीक्षण गरेको हो । ग्वार्को फ्लाइओभर निरीक्षणका क्रममा मन्त्री दाहालले सो योजना जेठ महिनाभित्रमा निर्माण पूरा हुने बताए ।

यस्तै मन्त्री दाहालले काठमाडौं प्रवेश गर्ने प्रमुखद्वार थानकोटमा निर्माणाधीन फ्लाइओभरको निरीक्षण गरे । त्यस क्रममा उनले सो फ्लाइओभर निर्माण पूरा भएपछि काठमाडौं भित्रिने र बाहिरिने सवारीसाधनको जाम हुने अवस्थाको अन्त्य हुने विश्वास गरे ।

सुरुङमार्गको निरीक्षणका क्रममा मन्त्री दाहालले सो सुरुङमार्ग निर्माणसँगै नेपालको यातायात क्षेत्र आधुनिक सुरुङयुगमा प्रवेश गर्ने बताए । सुरुङकोसमेत मुख्य संरचना निर्माण भई सञ्चालनको अन्तिम अवस्थामा पुगेको छ । मन्त्रालयका सचिव केशवकुमार शर्माका अनुसार सुरुङ सञ्चालनको मोडालिटी निर्माण भइरहेको छ । सोही मोडालिटीअनुसार सुरुङबाट सवारीसाधन सञ्चालन गरिने छ ।

## साढे आठ अंकले घट्यो नेप्से

**काठमाडौं (प्रस)–** यो साता कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ८.५७ अंकले घटेको छ । ०.३१ प्रतिशतको गिरावटपछि नेप्से परिसूचक दुई हजार ६७९.९८ को बिन्दुमा कायम भएको छ ।

आइतबार ३१४ कम्पनीको एक करोड ८५ लाख पाँच हजार ७७१ कित्ता सेयर ७० हजार ६१० पटक खरिदबिक्री हुँदा सात अर्ब ६० करोड ९५ लाख ४२ हजार रूपैयाँको कारोबार भएको छ । आइतबार लघुवित्त समूह २.३२ र व्यापार समूह ०.१३ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ ।

बैंकिङ ०.६६, विकास बैंक १.४६, वित्त ०.९९, होटल तथा पर्यटन १.७५ र जलविद्युत् ०.३६ प्रतिशतले घटेको छ । त्यस्तै, लगानी समूह १.०३, जीवन बिमा ०.३३, उत्पादन तथा प्रशोधन ०.०३, म्युचुअल फण्ड २.९६, निर्जीवन बिमा ०.१० र अन्य समूह ०.४५ प्रतिशतले घटेको छ ।

आइतबारको कारोबारमा ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी सिन्धु विकास बैंक लिमिटेडको सेयर मूल्य ८.२८ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा आइतबार सबैभन्दा बढी राधी विद्युत् कम्पनी लिमिटेडको ७१ करोड ४९ लाख २८ हजार रूपैयाँबराबरको कारोबार भएको छ । कारोबार भएका सेयर संख्याका आधारमा प्रभु सेलेक्ट फण्डको १४ लाख ९० हजार ६४९ कित्ता सेयर किनबेच भएको नेप्सेले जनाएको छ ।


प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
**पूर्वाधार विकास कार्यालय**
कोशी प्रदेश, संखुवासभा, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मितिः २०८२/०२/१२

यस कार्यालयको मिति २०८२/०२/०२ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सम्बन्धी सूचना बमोजिम बिधुतीय बोलपत्र प्रणाली (e-GP) मार्फत दर्ता हुन आएका बोलपत्रदाताहरूको मूल्यांकन गर्न गठित मूल्यांकन समितिको सिफारिस बमोजिम देहायका बोलपत्रदाताहरूले पेश गरेको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही देखिएको हुँदा सो बोलपत्र स्वीकृत गरिने भएकोले सार्वजनिक खरीद ऐन २०६३ (संशोधित) को दफा २७(२) को प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| सि.नं. | ठेक्का नं. | आयोजनाको नाम | सारभूत रूपमा प्रभावग्राही बोलपत्र दाता | कबोल अंक रु. (VAt र Ps सहित) |
|---|---|---|---|---|
| १. | IDOSANK/ Works/NCB-19/2081/82 | Disassembly, Transportation & Assembly of Bailey bridge over Hewa Khola Along Panchakhapan-5 & Chainpur-6, Sankhuwasabha | M/S Dobhan Nirman Sewa Pvt. Ltd., Dhankutta-०७, Shriwani | NRs.82,96,411.10 |

कार्यालय प्रमुख


कर्पोरेट

## सिटिजन्स बैंक र लोमस डिजिटलबीच समझदारी

**काठमाडौं (प्रस)–** सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र उत्तरढोका, काठमाडौंस्थित लोमस डिजिटल प्रालिबीच विशेष छुटसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

उक्त समझदारीअनुसार सिटिजन्स बैंकका कार्डबाहक, प्रिभिलेज कार्डबाहक र मोबाइल बैंकिङ ग्राहकहरूलाई ह्वायरपुल प्रोडक्टस् तथा किचेन सामग्रीहरूमा आकर्षक छुट प्रदान गरिने छ । यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरू लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ । बैंकले डिजिटल बैंकिङ माध्यमहरूको प्रयोगलाई बढाउन र ग्राहकहरूलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहित गर्दै आएको छ ।


अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक